सबै तहमा सहुलियत प्रदान गर्दै आएका छौं : मन्त्री अधिकारी | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक ७२ • २०८१ साल साउन १५ गते मंगलबार (30 July, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## पूर्वमन्त्री रायको हत्या आरोपमा दुई जनालाई सार्वजनिक

**टुडे समाचारदाता**

मलंगवा । पूर्वभुमिसुधार राज्यमन्त्री रामचन्द्र रायको हत्यामा संलग्न रहेको आरोपमा दुईजनालाई जिल्ला प्रहरी कार्यालय सर्लाहीले सार्वजनिक गरेको छ।



आइतबार राति करिब साढे १२ बजेको समयमा सर्लाहीको चन्द्रनगर गाउँपालिका वडा न-१ रतनपुर स्थित फार्महाउसमा उखु काट्नको लागि प्रयोग गरिने धारिलो हतियार फर्सा प्रहार गरी हत्या गरेको आरोपमा पक्राउ परेका रायका कामदार रामउजैन राय र स्थानीय वीरेन्द्र रायलाई सोमबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको छ।

पूर्वमन्त्री रायको हत्या भएको अर्कोदिन प्रहरीले उनको घरमा काम गर्ने कबिलासी नगरपालिका-३ का (हाल चन्द्रनगर गाउँपालिका वडा न-१) रतनपुरका आरोपित २५ वर्षीय राम उजैन रायलाई सोधपुछको लागि नियन्त्रणमा लिइएको थियो।

सो घटनाको अर्को दिन बिहान साढे ९ बजे प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोबाट खटि आएको प्रहरी टोली, जिल्ला प्रहरी कार्यालय र अन्य टिमसँग समन्वय गरी थप अनुसन्धान कार्य अगाडि बढाउँदै जानेक्रममा घटना स्थलबाट करिब २०/२५ मिटर पश्चिम बाँसको झाडीमा रगत तथा कपालसमेत टाँसिएको अवस्थामा फर्सा १ थान र घटना स्थलदेखि पश्चिम उत्तरतर्फ रहेको बारीको छेउको बाटोतर्फ सेतो गञ्जी तीनटुक्रामा च्यातेर गोलो भकुण्डो जस्तो बनाई फालेको अवस्थामा फेला परेको सर्लाही प्रहरीले जनाएको छ।

जिप्रका सर्लाहीका प्रहरी उपरीक्षक रवीन्द्र बहादुर सिंहले पक्राउ परेका आरोपित वीरेन्द्र राय र पूर्व राज्यमन्त्री राय बीचको जग्गा सम्बन्धी विवाद तथा आर्थिक प्रलोभनका कारण हत्या भएको आशंका रहेको छ।

करिब एक महिना अघि वीरेन्द्रले राम उजैनलाई पूर्वराज्यमन्त्री रायको घर जग्गाको नक्सा झुक्याई मागेको र सो नक्साको फोटो तथा भिडियो समेत बनाएका थिए। घटनाको केही दिन पहिला वीरेन्द्रले राम उजैनलाई पूर्वराज्यमन्त्री रायले मेरो जग्गा ओगटेर घर बनाइ बसेकाले रायको हत्या गरे बापत दुई लाख रुपैयाँ र व्यवसायको लागि एउटा फर्म बनाइदिन्छु भनि प्रलोभन दिएर हत्या गर्न लगाएको प्रहरी उपरीक्षक सिंहको भनाइ छ।

सो घटनाको विषयमा अनुसन्धान भइरहेका कारण प्रहरी उपरीक्षक सिंहले थप बताउन चाहेनन्।

### चाँदीपुरा भाइरस संक्रमण

## भारत हुँदै नेपालमा पनि संक्रमणको उच्च जोखिम


**टुडे समाचारदाता**

जनकपुरधाम । भारतमा चाँदीपुरा भाइरसको सङ्क्रमण फैलिएसंगै नेपालमा पनि सो भाइरस संक्रमणको उच्च जोखिम देखिएको छ।

चाँदीपुरा भाइससका कारण भारतको गुजरात प्रान्तमा ४४ जनाको मृत्यु भइसकेको छ भने भाइरसले सङ्क्रमित बनाउँदा ५४ जना अस्पताल भर्ना भएको भारतीय संचारमाध्यमले जनाएको छ।

गुजरात सरकारले जनाए अनुसार हालसम्म १२४ जनामा चाँदीपुरा भाइरस फेला परिसकेको छ। ग्रामीण भेगमा देखिएको सो भाइरस पछिल्लो समय गुजरातको अमदावाद, वडोदरा, राजकोट, सुरतलगायतका सहरहरूमा पनि फैलिएको छ।

गुजरात बाहेक राजस्थानमा पनि चाँदीपुरा भाइरसको सङ्क्रमण फैलिन थालेको छ। राजस्थानमा हालसम्म ६ जनामा चाँदीपुरा भाइरसको सङ्क्रमण देखिएकोमा १ जनाको मृत्यु भएको छ। अन्य ५ जनाको उपचार भइरहेको जनाइएको छ। त्यस्तै मध्यप्रदेश र महाराष्ट्रमा पनि चाँदीपुरा भाइरस देखा परेको भारतीय संचारमाध्यमले जनाएको छ।



भारतमा पहिलोपटक सन् १९६६ मा महाराष्ट्र प्रान्तमा सो भाइरस फेला परेको थियो। नागपुरको चाँदीपुरमा भाइरसको पहिचान भएको थियो। त्यसकारण सो भाइरसको नामकरण चाँदीपुरा भाइरस गरियो। त्यसपछि सन् २००४, सन् २००६ र सन् २०१९ मा पनि आन्ध्र प्रदेश, महाराष्ट्र र गुजरातमा सो भाइरस देखा परेको थियो।

सो भाइरस आरएनए भाइरस रहेको जनाइएको छ। जुन सबैभन्दा धेरै पोथी प्लेबोटोमाइन प्रजातिको झिंगाबाट फैलिन्छ। एडीज एजिप्टी लामखुट्टे पनि यसका लागि कारण मानिन्छ।

सो भाइरसको सङ्क्रमण हुँदा उच्च ज्वरो आउने, फ्लू जस्ता लक्षणहरू देखा पर्ने हुन्छ। जसमा बेहोश हुने, कमजोरी हुने जस्ता लक्षण पनि देखिन्छन्। चाँदीपुरा भाइरसको सङ्क्रमण भएको २४ देखि ४८ घन्टासम्ममा बिरामीको मृत्यु हुने गरेको छ। चिकित्सकका अनुसार यसले बालबालिकामा मृत्यु गराउने दर ८५ प्रतिशतसम्म जोखिम रहेको छ।

### नेपाल उच्च जोखिममा

भारतमा तीव्र गतिमा फैलिरहेको चाँदीपुरा भाइरसको जोखिम नेपालमा पनि उच्च रहेको देखिएको छ।

नेपालमा सो भाइरसको पहिल्यै संक्रमण फैलिसकेको र भारतबाट नेपाल आवातजावात गर्ने भइरहेको कारण संक्रमित व्यक्ति पनि नेपाल आउन सक्छन्। डेंगु सार्ने लामखुट्टे एडिस एजिप्टाइ र सेन्फलाइ नामक भुसुनाले सो भाइरस सर्ने गरेको छ। यी दुबै कीट नेपालमा रहेको र तराईका जिल्लाहरुमा यसको उच्च जोखिम पाइएको छ।

यसअघि नै संक्रमण देखिएकाले नेपाल उच्च जोखिममा रहेको इपिडिमोलोजी तथा रोग नियन्त्रण महाशाखाका पुर्वनिर्देशक तथा जनस्वास्थ्यविद् डा.बाबुराम मरासिनीले बताए। उनले बताएअुनसार सन् २०१४ मा चाँदीपुरा भाइरसका कारण मोरंगमा १२ जनाको मृत्यु भएको थियो। एकैपटक धेरै जनाको मृत्यु भएपछि महाशाखाले नमूना विदेश पठाइ परीक्षण गर्दा चाँदीपुरा भाइरस रहेको पहिचान भएको थियो।

सो भाइरस सार्ने दुवै कीट नेपालमा रहेको कारणले नेपालमा कुनै पनि बेला महामारीको रुप लिन सक्ने शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका अनुसन्धान शाखाका संयोजक डा. शेरबहादुर पुनले बताएका छन्।

तराई-मधेशका २४ जिल्लासहित पहाडी जिल्लाहरुसमेत सो संक्रमणको उच्च जोखिममा रहेको चिकित्सकहरूको भनाइ छ। यसबाट बच्न भुसुना र लामखुट्टेको टोकाइबाट बच्ने, झुलको प्रयोग गर्ने, घर नजिक गोठ नराख्ने, वरिपरिको वातावरण सफा राख्ने, झ्यालढोकामा जाली राख्नेलगायतका कार्यहरु गरेर सचेतता अपनाउन चिकित्सकहरुले सुझाएका छन्।






# प्रस्तावित निर्वाचन आयुक्त प्रधान अस्वीकृत

काठमाण्डु । सङ्घीय संसद् संसदीय सुनुवाइ समितिले निर्वाचन आयुक्तमा प्रस्तावित कृष्णमान प्रधानको नाम अस्वीकृत गरेको छ ।समितिका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराको अध्यक्षतामा बसेको बैठकले प्रधानको नाम अस्वीकृत गरेको समिति सदस्य महेशकुमार बर्तौलाले जानकारी दिनुभयो ।

यसअघि समितिको बैठक बस्नुअघि नै प्रधानले आफूलाई प्रस्ताव गरिएको पदमा उम्मेदवारी कामय राख्न नचाहेकोबारे सोमबारै लिखित जानकारी गराउनुभएको थियो । उहाँले प्रस्तावित आयुक्तबाट नाम फिर्ता लिएको जनाउँदै समितिसमक्ष निवेदन दिनुभएको हो ।समितिले सोही निवेदनका आधारमा बैठकले प्रधानको नाम प्रस्तावगरी संसदीय सुनुवाइका लागि सङ्घीय संसद् सचिवालयमा पठाएको थियो ।समितिलाई सोमबार पत्र लेख्दै उहाँले संवैधानिक परिषद्को सिफारिसप्रति निष्ठावान् रहँदारहँदै पनि आफूप्रति केन्द्रित दुष्प्रचारको माझमा सिफारिस भएको पदमा रहेर काम गर्ने हौसला र इच्छा बाँकी नरहेको उल्लेख गर्नुभएको छ ।

भविष्यमा राज्यले प्रदान गर्ने जुनसुकै जिम्मेवारीप्रति निष्ठावान् रहने वचनबद्धता व्यक्त गर्दै प्रधानले लेख्नुभएको पत्रमा भनिएको छ, "सिफारिस भएको निर्वाचन आयोगको आयुक्त पदमा नियुक्तिका लागि मेरो उम्मेदवारी कायम राख्न नचाहेकाले सम्मानित समितिसमक्ष जानकारीसहित अनुरोध गर्दै सोअनुसार व्यवस्था हुन सविनय अनुरोध गर्दछु ।"



अस्वीकृत गर्ने निर्णय गरेको सदस्य बर्तौलाले बताउनुभयो । समितिले प्रस्तावित व्यक्तिबाटै प्रस्तावित पदमा नियुक्तिका लागि उम्मेदवारी कायम राख्न नचाहेको जनाउँदै प्रधानको नाम अस्वीकृत गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको संवैधानिक परिषद्ले गत असार २ गते नेपाल कानुन समाजका कार्यकारी निर्देशक प्रधानको नाम निर्वाचन आयुक्तमा

समितिको साउन ९ गतेको बैठकमा प्रस्तावित निर्वाचन आयुक्त प्रधानले आफ्नो अनुभव, योग्यता, क्षमतासहितको योजनासम्बन्धी अवधारणा र कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।प्रधानको अवधारणा र कार्ययोजना सुनेपछि समिति सदस्यले उच्च नैतिक व्यक्ति रहनुपर्ने निर्वाचन आयोग जस्तो संवैधानिक निकायमा उजुरीमा उठाइएका प्रश्नको स्पष्टीकरण माग गर्नुभएको थियो ।रासस

# देशको क्षमताअनुसार बाघको संख्या वृद्धि गर्नुपर्छः प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले देशको क्षमताअनुसार बाघको संख्या वृद्धि गर्नुपर्ने बताउनुभएको छ ।

विश्व बाघ दिवसका अवसरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सोमबार आयोजना गरेको कार्यक्रममा 'बालबालिकासँग बाघ संवाद' गर्नुहुँदै प्रधानमन्त्री ओलीले वन्यजन्तुको सिकार र चोरीपैठारीका लागि प्रतिबन्ध लगाइएको स्मरण गराउनुहुँदै सीमिततामा आधारित रहेर देशको क्षमताअनुसार बाघको संरक्षण गर्ने नीति रहेको बताउनुभयो ।

"देशको क्षमताभन्दा बढी बाघको संख्या वृद्धि गर्न सकिँदैन, हाम्रो क्षमतालाई नहेरी अन्धाधुन्ध बाघको संख्यामात्रै वृद्धि गर्दा मानवीय विनाश निम्त्याउन सक्नेतर्फ पनि सचेत रहनुपर्नेछ । यस्तो अवस्था आउन दिनु हुँदैन", उहाँले भन्नुभयो, "प्रकृतिमा धेरै जीव तथा वन्यजन्तु छन्, उनीहरूका लागि सहज बासस्थान चाहिन्छ, उनीहरूसँग द्वन्द्वको अवस्था आउन दिनुहुँदैन । मानिसले सचेत भएर द्वन्द्वको परिस्थिति आउन नदिन लाग्नुपर्छ, हामीले पहिलो सुरक्षा मानिसलाई दिनुपर्छ ।"

कार्यक्रममा लिटिल एञ्जलसहित विभिन्न पाँच विद्यालयका बालबालिकाले राखेको प्रश्नको जवाफ दिनुहुँदै प्रधानमन्त्री ओलीले मानव प्रकृतिको एउटा अंश मात्रै भएको बताउनुभयो । उहाँले बाघ र वन्यजन्तुको संरक्षणका लागि हालको सदर चिडियाखाना सानो भएकाले अन्य स्थानमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । वन्यजन्तुको संरक्षणमा मानवलाई शिक्षा दिन पनि चिडियाखाना चाहिन्छ भन्ने धारणा विकास गर्नुपर्ने उहाँको भनाइ थियो । विसं २०७३ मा आफू प्रधानमन्त्री हुँदा उद्घाटन गरिएको भक्तपुरको सूर्यविनायकस्थित प्राणी उद्यानको निर्माण कार्य अगाडि बढाइने र ललितपुरको सदर चिडियाखाना सानो भएकाले अन्यत्र पनि चिडियाखाना स्थापनागरी वर्गीकरणका आधारमा वन्यजन्तुलाई संरक्षण गर्न पहल गरिने जानकारी गराउनुभयो ।तपाईंलाई प्रकृतिसँग प्रेम गर्न के कुराले प्रेरित गर्यो भन्ने विद्यार्थीको प्रश्नमा प्रधानमन्त्री ओलीको जवाफ थियो, "प्रकृति मन नपराउने मान्छे हुँदैन, म सानो हुँदा गोठालो लाग्ने गरेकाले गाईभैंसी चराउन जङ्गलमा जाँदा प्रकृतिसँग रमाउन थालेँ, त्यसैबेला मैले बाघ पनि देखेँ, पछि बुझ्दै जाँदा जलवायु प्रणालीमा प्रकृति, खोलानाला, जीवजन्तु, चराचुरुङ्गी सबैसँग प्रेम हुन थाल्यो ।"

कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले विश्वका दुर्लभ वन्यजन्तु नेपालमा पाइने भन्नुहुँदै तीनै तहका सरकार, सङ्घसंस्था र सरोकारवालाबीच संरक्षणका लागि साझेदारी र समन्वय हुनुपर्ने बताउनुभयो । उहाँले बाघको संरक्षणका लागि ठूलो घाँसे मैदानका साथै वन, पानीसहितको बासस्थानको व्यवस्थापनलाई ध्यान दिइने जानकारी गराउनुभयो । "बाघलाई वनभित्र रहने र मानिसलाई निकुञ्जभित्र पस्न नदिने व्यवस्था गरिनुपर्छ, विकास र



वातावरणबीचको सन्तुलन मिलाउनुपर्नेछ । निकुञ्ज व्यवस्थापन र संरक्षणबाट राष्ट्रिय पर्यटनको आम्दानी वृद्धि गरिनुपर्छ", मन्त्री ठकुरीले भन्नुभयो । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारसहित संरक्षणका साझेदारहरू मिलेर बाघको संरक्षणमा लाग्नुपर्ने उहाँको भनाइ छ ।

ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले बाघ संरक्षणका लागि सदर चिडियाखानाको अहिलेको स्थान नपुग भएकाले यसका लागि पहल गर्न प्रधानमन्त्रीसमक्ष अनुरोध गर्नुभयो । उहाँले कोरोनाकालमा वन्यजन्तुलाई आहारमा समस्या हुँदा महानगरबाट रकम उपलब्ध गराएको स्मरण गर्नुहुँदै वन्यजन्तु संरक्षणका सन्दर्भमा महानगर र सदर चिडियाखानाबीच अत्यन्तै महत्वपूर्ण सम्बन्ध छ भन्नुभयो । महानगर प्रमुख महर्जनले चिडियाखानामा सबैभन्दा बढी खर्च लाग्ने एउटा जनावरको खानाका लागि महानगरले वार्षिक रूपमा रकम उपलब्ध गराइरहेको जानकारी गराउनुभयो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा सिन्धुप्रसाद ढुङ्गानाले संविधानमा वातावरण संरक्षण गर्ने नीति समावेश भएको र सोहीअनुसार ऐन, नियम तथा कानुन बनेको जानकारी गराउनुभयो । जैविक विविधताका दृष्टिले नेपालको तराई भूपरिधि क्षेत्र उपयोगी रहेको उहाँले बताउनुभयो । संरक्षणमा पुर्याएको योगदानका लागि संयुक्त राष्ट्रसङ्घले सन् २०२३ मा नेपाललाई सम्मान गरेको जानकारी गराउनुहुँदै महानिर्देशक डा ढुङ्गानाले यसबाट नेपालको पर्य-पर्यटन र राष्ट्रिय अर्थतन्त्रमा समेत सहयोग पुगेको धारणा राख्नुभयो ।

वन तथा वातावरण मन्त्रालयका निमित्त सचिव भुपाल बरालले बाघको संख्या बढ्नु जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण भएको बताउनुभयो । बाघको बासस्थानको संरक्षण र आहारको व्यवस्थापन महत्वपूर्ण रहेको बताउनुहुँदै उहाँले मानव वन्यजन्तुबीचको द्वन्द्वलाई कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती बढ्दो अवस्थामा रहेको धारणा राख्नुभयो ।प्रकृति संरक्षण कोषका अध्यक्ष कृष्णप्रसाद ओलीले विश्वमा नेपालले ओगटेको भूभागको तुलनामा बाघ, वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षणमा अग्रणी स्थानमा रहेको बताउनुभयो । कार्यक्रममा सदर चिडियाखानासँग सम्बन्धित रहेर संरक्षणका क्षेत्रमा ज्ञान हासिल गरिरहेका बालबालिकाले बाघ संरक्षणका सन्दर्भमा लघु नाटकसमेत प्रदर्शन गरेका थिए ।

**वन तथा वातावरण मन्त्रालयका निमित्त सचिव भुपाल बरालले बाघको संख्या बढ्नु जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण भएको बताउनुभयो । बाघको बासस्थानको संरक्षण र आहारको व्यवस्थापन महत्वपूर्ण रहेको बताउनुहुँदै उहाँले मानव वन्यजन्तुबीचको द्वन्द्वलाई कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती बढ्दो अवस्थामा रहेको धारणा राख्नुभयो ।**

'मानव बाघ सहअस्तित्व र समृद्धि' भन्ने नाराका साथ यस वर्षको विश्व बाघ दिवस मनाइएको छ । सन् १९७० को दशकबाट मात्रै नेपालमा बाघ संरक्षणको प्रयास भएको पाइन्छ । बाघको संख्या सबैभन्दा धेरै हुने विश्वका १३ राष्ट्रमा नेपाल पनि पर्दछ। रसियाको सेन्ट पिटर्सवर्गमा सन् २०१० मा बाघ पाइने १३ राष्ट्रबीच भएको समझदारीपत्रमा हस्ताक्षर गर्दै नेपालले सन् २०२२ सम्म बाघको संख्या दोब्बर पार्ने प्रतिबद्धता गरेको थियो ।

त्यसबेला नेपालमा बाघको संख्या एक सय २१ थियो । त्यसपछि सन् २०१४ मा एक सय ९८, सन् २०१८ मा दुई सय ३५ र सन् २०२२ मा नेपालका चितवन, बाँके, बर्दिया, शुक्लाफाँटा र पर्सासहित पाँच वटा निकुञ्जमा रहेका बाघको संख्या तीन सय ५५ पुगेको थियो । हरेक चार वर्षमा बाघको संख्या गणना गर्ने व्यवस्थाअनुसार अब सन् २०२६ मा नेपालमा बाघको संख्या गणना हुनेछ ।रासस

# लिट्मस केबल्सको 'पावर पार्टनर्स मीट २०८१' सफलतापूर्वक सम्पन्न

टुडे समाचारदाता

काठमाण्डु । नेपाली वायर तथा केबल उद्योगमा अग्रणी नाम लिट्मस इन्डिस्ट्रिज लिमिटेडले हालै मात्र आफ्नो दोस्रो पावर पार्टनर्स मिट २०८१ कार्यक्रम काठमाडौंको हायात होटेलमा सम्पन्न गरेको छ । कार्यक्रममा देशैभरबाट लिट्मसका डिलर तथा वितरकका साथसाथै एम्इपि, इपिसी तथा कर्पोरेट पार्टनर्सहरु गरि २०० जनाको उपस्थिति रहेको थियो ।

सो कार्यकममा कम्पनीको तर्फबाट जानकारीमूलक प्रस्तुतिका साथै उपलब्धिमूलक नेटवर्किङ सेसनको पनि आयोजना गरिएको थियो ।नेपालभरिबाट कार्यक्रममा सहभागी भएका च्यानल पार्टनरहरुको न्यानो आतिथ्यबाट सुरु भएको कार्यक्रममा लिट्मसले आफ्ना महत्वपूर्ण कोशेढुंगा, भावी योजना साथै नेपाली बजारकै पहिलो वातावरणमैत्री तार लिट्मसको इकोवायरजेडएच्बारे




पनि सहभागीहरुलाई विस्तारमा जानकारी गराएको थियो ।

कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक रोहित गुप्ताले कम्पनीको लगभग पाँच दशकको यात्रा र उपलब्धिहरुबारे विस्तृत रुपमा चर्चा गरेका थिए । कम्पनीका उपाध्यक्ष साथै नेपाल विद्युतीय उत्पादक संघ (निमा) का सचिव समेत रहेका सरोज मिश्राले लिट्मसको सुरुवात, हालको बजार उपस्थिति र कम्पनीको विकासको प्रचुर सम्भावनाबारे कुराहरु राखेका थिए ।

मिश्राले कम्पनीलाई नेपाली बजारमा अग्रणी उत्पादकको रुपमा कायम राख्न कम्पनी गुणस्तर, अत्याधुनिक प्रविधि र नवप्रवर्तनप्रति प्रतिबद्ध रहेको कुरामा पनि जोड गरेका थिए ।कार्यक्रमको अवसरमा कम्पनीले आफ्नो सुरक्षा र गुणस्तरप्रतिको लगाव र विश्वासलाई कसरी हासिल गरिरहेको र कायम राखिरहेको छ भन्ने कुरालाई पनि प्रष्ट पारेको थियो । सोही कार्यक्रममा कम्पनीले आफ्नो महत्वकांक्षी र रणनैतिक भावी योजना अन्तर्गतको अत्याधुनिक प्रविधि र विशाल उत्पादन क्षमतासहितको परासीमा बन्दै गरेको नयाँ उत्पादन युनिट 'लिट्मस २.०' बारे पनि सहभागीलाई जानकारी गराएको थियो ।

यस नयाँ युनिटले कम्पनीको उत्पादन क्षमता वृद्धि गर्दै र गुणस्तरलाई अझ सुदृढ बनाउँदै बजारको बढ्दो मागलाई सम्बोधन गर्ने र बजारमा कम्पनीको अग्रतालाई अझ बलियो बनाउने कम्पनीको भनाइ छ । कम्पनीले सोही आयोजनामा इनामेल, मल्टिस्ट्र्याण्ड, इकोवायरजेडएच् र इमर्जिङ डिलर गरी चार विधामा सर्वोत्कृष्ट हुन सफल भएका डिलर हरुलाई पुरस्कृत पनि गरेको थियो ।

पुरस्कारले कम्पनीको सफलता र सम्बृद्धिमा डिलरहरुको महत्वलाई प्रकाश पार्दै लिट्मसले आफ्ना च्यानल पार्टनर्सहरुसँगको गहिरो सम्बन्धलाई सधैं केन्द्रमा राखेको कुरालाई पनि पुष्टि गरेको थियो । कार्यक्रममा बेजोड नृत्य, आकर्षक उपहारको लागि प्रश्नोत्तर, लाइभ ब्यान्ड लगायतका मनोरञ्जनात्मक कार्यक्रमहरु पनि समावेश गरिएको थियो ।

# आगामी तीन दिन भारी वर्षाको सम्भावना

काठमाण्डु । आगामी तीन दिन मुलुकका विभिन्न स्थानमा भारी वर्षा हुने र केही स्थानमा धेरै भारी वर्षासम्म हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले तीन दिन विषेशगरी रात्रिको समयमा धेरै वर्षा हुने भएकाले बाढीपहिरोजस्ता मनसुनजन्य घटना बढ्नसक्नेतर्फ सतर्कता अपनाउन अनुरोधसमेत गरेको छ ।

मौसमविद् सञ्जिव अधिकारीले हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको आसपास रहेका विभिन्न स्थानमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको जानकारी दिनुभयो । "रातिको समयमा वर्षा हुने सम्भवना छ तर लगातारको वर्षाको सम्भावना भने छैन", उहाँले भन्नुभयो, "आज राति पनि देशभर साधारणतया बदली रहने छ र सबै प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।"

कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशका एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको मौसमविद् अधिकारीले बताउनुभयो ।



महाशाखाकानुसार अहिले पनि कोशी, मधेस र बागमती प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा र बाँकी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको छ । मङ्गलबार दिउँसो देशभर साधारणतया बदली रहनेछ । सबै प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ ।

मङ्गलबार राति भने देशभर साधारणतया बदली रहनेछ । कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशको एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ ।

यस्तै बुधबार देशभर साधारणतया बदली रहनेछ । सो दिन दिउँसोको समयमा मधेस प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । बुधबार राति देशभर साधारणतया बदली रहने र मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा तथा कोशी, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ ।

आगामी २४ घण्टामा सबै प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा र कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशका एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेकाले ती क्षेत्रमा हुनसक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयजस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न आग्रह गरिएको छ । रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| वृष | : वाद विवादबाट बच्नु । |
| मिथुन | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बृहत्तर जनकपुरमा चुलिँदै विवाद, खुम्चिँदै प्रतिष्ठा




जनकपुरधाम । आर्यचिन्तन परम्पराको केन्द्र जनकपुरधाम आदिकालदेखि नै आफैँमा बृहत् छ। पछिल्लो समय 'बृहत' भनेर महिमागान हुने जनकपुरका ती आधारहरू निरन्तर कमजोर हुँदै गइरहेका छन् । धार्मिक अनुष्ठानका लागि दानीहरूले दिएका भूमि अतिक्रमणमा परेका छन् । विद्वान/विदुषीहरूले बसालेको चिन्तन परम्परा र तिनको संरक्षणका लागि बनाइएका धार्मिक तथा गैरधार्मिक प्रतिष्ठानहरू विवाद तथा बेथितिको चाङमाथि उभिएका छन् । त्यसको एउटा उदाहरण हो-बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ।

जनकपुरधाम उपमहानगरपालिका-७ स्थित बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, कार्यालयको प्रवेशद्वारमा लामो समयसम्म लेखियो-अध्यक्षलाई प्रवेश निषेध । यसरी निषेध गर्ने कर्मचारीको आरोप छ-अध्यक्षले ऐनमा हुँदै नभएको अधिकार प्रयोग गरी अनियमित लाभ खोजे, बृहत्तरको गरिमा राख्न सकेनन् र कर्मचारीलाई दुःख दिएर बृहत्तरको उद्देश्य पूर्तिमा अड्चन खडा गरे ।

परिषद्का अध्यक्ष शीतल साह भने त्यसलाई स्वीकार्न तयार हुनुहुन्न । उहाँको दाबी छ, "कर्मचारीहरुले वर्षौंदेखि चलाइरहेको गैरकानुनी रजगज तोड्न खोज्दा आफूलाई नै निषेध गरियो । कर्मचारीले लगाएका आरोप आधारहीन छन् ।"

अध्यक्ष र कर्मचारीबीच हुने यस्तो विवाद तथा आरोप-प्रत्यारोप पहिलोपटक भने होइन। संस्था स्थापना भएदेखि नै विभिन्न नाममा हुने विवादको उत्कर्ष मात्रै हो । विवाद, निषेध र आरोप-प्रत्यारोपको शृत्त लाका बीच यस संस्थाको अस्तित्व नै सङ्कटमा छ । एकले अर्काविरूद्ध सार्वजनिकरूपमै वक्तव्यबाजी मात्रै होइन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दामाथि मुद्दा हाल्ने काम जारी छ।

परिषद् ऐन २०५५ को दफा ६ अनुसार संस्थाको सर्वोच्च निकायका रूपमा सञ्चालक परिषद् र अध्यक्ष छन् । परिषद्लाई सहयोग गर्न सचिवालय र कर्मचारी छन् । तर यी दुवै तहबीच हाल सामान्य सहकार्यको अवस्था पनि छैन । यसकारण संस्थाको औचित्य पुष्टि गर्ने गरी काम हुन नसक्दा संस्था नै दिनप्रतिदिन सङ्कटमा फस्दै गएको छ । त्यो सङ्कट टार्न न सरकारका तर्फबाट ठोस पहल भएको छ न त अरू सरोकार भएकाहरूबाट ।

**प्रतिष्ठित नेतृत्व तर प्रतिष्ठा नै धरापमा**

विसं २०४९ मा परिषद् स्थापना भएदेखि हालसम्म १० जना अध्यक्ष र १७ जना कार्यकारी निर्देशक नियुक्त भए । जनकपुर बृहत्तर विकास समिति हुँदा पहिलो अध्यक्ष हुनुहुन्थ्यो लिला कोइराला (विसं २०४९/१०/१७–०५१/१०/१८) । त्यसपछि दिनेशचन्द्र यादव (२०५२ माघ ११ सम्म), महेन्द्रनारायण निधि दुई कार्यकाल (२०५६ वैशाख २० सम्म), नरेन्द्रकुमार मिश्र (२०६० असोज १२ सम्म), भोजराज घिमिरे (२०६३ साउन ८ सम्म), रामचन्द्र झा (२०६४ फागुन १२ सम्म) । त्यसपछि रामचन्द्र मण्डल, दिगम्बर राय, रामकुमार शर्मा, शालिग्राम सिंह र हाल शीतल साह परिषद्को अध्यक्ष हुनुहुन्छ।

प्रथम अध्यक्ष लिला कोइरालादेखि शीतल साहसम्म सबैजना आफ्नो क्षेत्रमा ख्यातिप्राप्त व्यक्तित्व हुनुहुन्छ। निधि त नेपाली कांग्रेसमा पार्टी संस्थापक नेताहरूको समकक्षी, राष्ट्र गौरवको सम्मान प्राप्त व्यक्ति पनि हुनुहुन्छ । नेपाली राजनीतिमा निधि परिवार अहिले पनि उत्तिकै प्रभावशाली छ । यस परिवारबाट पुत्र विमलेन्द्र निधि अहिले पनि शक्तिमै हुनुहुन्छ। त्यसैगरी, रामचन्द्र झा मन्त्री हुनुभयो। तत्कालीन एमालेमा, पछि माओवादी केन्द्रमा र हाल एकीकृत समाजवादी अर्थात् जहाँ हुँदा पनि उहाँ सधैं प्रभावशाली नेताकै रूपमा रहनुभयो।

पूर्वअध्यक्षमध्येका रामचन्द्र मण्डल अहिले मधेस प्रदेशसभाको सभामुख हुनुहुन्छ। मण्डल हिजोदेखि आजसम्म शक्तिमै हुनुहुन्छ। अहिलेका अध्यक्ष साह पनि नेपाल पत्रकार महासङ्घको पूर्वकेन्द्रीय कोषाध्यक्ष भइसक्नुभएको व्यक्ति हो।

यस्ता प्रतिष्ठित व्यक्तित्वले नेतृत्व गरेको संस्था भने विगतदेखि नै चुनौती र बेथितिको चाङमा छ। त्यसबाट बाहिर निकाल्नका लागि भने कसैले पनि ठोस कदम नचालेको आरोप छ। "यदि उहाँहरूले चाहेको भए तत्कालीन समिति परिषद्मा रूपान्तरण हुँदै सुरु भएको विवाद समाधानको सट्टा झनै गहिरिँदै विघटन हुने अवस्थामा किन पुग्थ्यो त ?", आरोप लगाउनेहरूले प्रश्न गर्छन् ।

परिषद्मा रहेका विविध समस्यामध्ये अध्यक्ष र कार्यकारी अधिकृतको क्षेत्राधिकार सबैभन्दा ठूलो विवादको कारक हो भनेर स्थानीय सबैले स्वीकारेका छन् । यही प्रश्नमा पूर्वअध्यक्ष झा भन्नुहुन्छ, "प्रयास नगरेको होइन, म आफैँ अध्यक्ष हुँदा पनि ऐन संशोधनका लागि बोर्डबाट निर्णय गरेर मन्त्रालयमा पठाइएको थियो तर तत्कालीन अवस्थामा अगाडि बढ्न सकेन।"

पूर्वअध्यक्ष शर्मा ऐतिहासिक र पौराणिक गौरवगाथा भएको जनकपुरलाई राज्यले महत्व नदिएकै कारण यहाँको विकास र विकासका लागि गठित संस्थाहरू उपेक्षामा परेको बताउनुहुन्छ । "जनकपुर भारतको अयोध्या जस्तै उच्च महत्वको क्षेत्र हो तर राज्यले नेपालकै अरू क्षेत्रमा रहेका धार्मिक क्षेत्रजति पनि महत्व दिएन । बृहत्तर जनकपुर बनाउने सपनासहित स्थापित संस्थालाई सोअनुसार बलियो बनाउन आवश्यक ऐन, कानुन तर्जुमा, समयसापेक्ष परिमार्जन, क्षेत्राधिकारमा प्रस्टता, बजेट तथा योजनामा सधैँ उपेक्षा गरेकै कारण अहिले यो संस्था विघटनको सङ्घारमा पुगेको हो", उहाँले भन्नुभयो।

परिषद्को अध्यक्ष सुरुमा मन्त्रिपरिषद्को निर्णयअनुसार गर्ने गरिएकामा पछि मन्त्रिस्तरीय निर्णयबाट गर्न थालियो। यस्तै परिषद्को कार्यकारी निर्देशक स्थापनाकालदेखि विसं २०६२ सम्म अध्यक्षको तजबिजमा हुने गर्दथ्यो। यही विधिबाट सातजना नियुक्त भए तर विसं २०६१ पछि खुला प्रतिस्पर्धाबाट कार्यकारी नियुक्तिको अभ्यास सुरु भयो । अम्बिकाप्रसाद अधिकारी पहिलोपटक विसं २०६१ वैशाख २८ मा खुला प्रतिस्पर्धाबाट कार्यकारी अधिकृतमा नियुक्त हुनुभयो । त्यसयता त्यही मान्यताका आधारमा नियुक्ति भइरहेको छ । बेलाबेला विवाद उत्पन्न हुँदा र प्रतिस्पर्धाबाट नआउने अवस्थामा दैनिक कामकारबाही सञ्चालनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निमित्त तोक्ने प्रचलन छ। विगत दुई वर्षयता खुला प्रतियोगिताबाट नआएपछि मन्त्रालयले नै यही प्रचलनअनुसार गरिरहेको छ।

**विवादको अविराम शृखंला**

विसं २०४९ मा बृहत्तर जनकपुर क्षेत्र विकास समितिको जन्म संसद्बाट भयो। विसं २०५५ मा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन जारी भएपछि समितिलाई परिषद्मा रूपान्तरण गरिएको थियो। ऐनको प्रस्तावनामा भनिएको छ, "जनकपुर र यसको माध्यमिकी (पञ्चकाशी) परिक्रमा क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक र पुरातात्विक महोत्वका मठ, मन्दिर, सरोवर र स्थलहरूको सुरक्षा, सम्भार र विकास गर्ने तथा बृहत्तर जनकपुर क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक पूर्वाधारहरू विकसित गर्दै सुव्यवस्थित तीर्थस्थल एवं धार्मिक क्षेत्रका रूपमा योजनाबद्ध ढङ्गले विकास गर्न बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना र व्यवस्थित गर्न वाञ्छनीय भएकाले संसद्ले यो ऐन बनाएको छ ।" त्यसैगरी, ऐनको दफा ५ का उद्देश्यलाई हेर्दा पनि यसलाई एक प्रतिष्ठित संस्थाका रूपमा विकास गर्न खोजेको देखिन्छ तर क्षेत्राधिकार र कर्मचारी व्यवस्थापनमा ध्यान नदिँदा विवादको भुमरीमा फसेको जानकारहरू बताउँछन्।

संस्थामा विवादको मूल जडका रूपमा सरकारले नियुक्त गर्ने बोर्ड अध्यक्ष र बोर्डले नियुक्त गर्ने कार्यकारी निर्देशकको क्षेत्राधिकार रहेको धेरैको दाबी छ। ऐनको दफामा अध्यक्ष नियुक्ति गर्ने प्रावधान त छ तर काम, कर्तव्य र अधिकारको प्रावधान नै छैन । बोर्डले चार वर्षका लागि नियुक्त गर्ने कार्यकारी निर्देशकको अधिकार भने प्रस्ट छ।

ऐनको दफा ६ मा सञ्चालक परिषद्को व्यवस्था छ। सर्वोच्च निकायका रूपमा रहेको परिषद् अध्यक्ष नेपाल सरकारले चार वर्षका लागि नियुक्त गर्ने प्रावधान छ तर अध्यक्षको काम, कर्तव्य र अधिकारबारे छुट्टै व्यवस्था छैन। दफा ८ मा सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकार भनिए पनि अध्यक्षबारे केही बोलिएको छैन र अध्यक्षको सेवासुविधाका विषयमा पनि केही भनिएको छैन। दफा १७ मा भने परिषद्को दैनिक प्रशासकीय कार्यका लागि खुला प्रतिस्पर्धाबाट चार वर्षका लागि कार्यकारी निर्देशक नियुक्तिको व्यवस्था छ। यही कारण अध्यक्ष र कार्यकारी अधिकृतको स्वार्थ मिलेसम्म सहजरूपमा काम हुने तर स्वार्थ नमिलेको दिनदेखि समस्या उत्पन्न हुने गरेको विगतदेखिकै घटनाक्रमबाट प्रस्ट हुन्छ।

परिषद्मा क्षेत्राधिकारको विवाद भुसको आगो झैँ सल्किरहेको थियो। त्यसको प्रकट २०६३ सालतिर भयो, जतिबेला पूर्वमन्त्री रामचन्द्र झा अध्यक्ष हुनुहुन्थ्यो। विसं २०६३ साउन २९ गते अध्यक्ष नियुक्त हुनुभएका झाको पालामा कार्यकारी निर्देशकमा नेबल चौधरीलाई नियुक्त गरियो तर केही महिनामै आफैँले नियुक्त गरेको कार्यकारी निर्देशकसँग अध्यक्ष झाको मनमुटाव सुरु भयो। त्यो मनमुटाव कुटाकुटको अवस्थासम्म पुगेको जानकारहरू बताउँछन्।

अध्यक्ष झा भन्नुहुन्छ, "मेरो पालमा मध्यमिकी परिक्रमा क्षेत्रभित्र पर्ने कुटी र १५ दिने परिक्रमाका समयमा अत्यावश्यक कामहरू गर्नमा सीमित संस्थालाई चलायमान बनाउने काम भयो। यहाँ रहेका दलित, आदिवासी, जनजातिका जातीय कुटीहरूको अवस्था सुधार्न पाँच लाखसम्म रकम दिएर मर्मत गर्न लगाइयो । यसपछि कमिसनको कुरा सुरु भयो। कमिसन आउने ठाउँ हेरेर सहुलियत दिन थालियो। यसैगरी, भारतीय दूतावाससँग मिलेर रु तीन करोडको परियोजना लागू भयो। १७ वटा भित्री साना सडक स्तरोन्नतिको काम हुन थाल्यो। कामसँगै विवाद सुरु हुनाका कारण कमिसन नै थियो।"

विवादको जड ऐनको व्यवस्थालाई आफू अनुकूल व्याख्या गर्ने कर्मचारीहरूको भएको उहाँको भनाइ छ । "१० लाखभन्दा तलको रकमबाट हुने ठेक्का कार्यकारी अधिकृत र त्योभन्दामाथि अध्यक्षले सदर गर्छ तर कार्यकारी अधिकृतले इन्जिनियरसँग मिलेर आफ्नो अधिकारभित्रको रकमअनुसार योजना टुक्राटुक्रा गरेर दिन थाले । आफ्नो निकटबाहेकका ठेकेदारलाई ठेक्काका लागि आवेदन नै दर्ता हुन नदिने गरेको गुनासो आयो । म काठमाडौँमा भएकाले त्यो कुरा प्रमुख जिल्ला अधिकारीलाई तत्काल जानकारी गराएँ। प्रहरी परिचालन गरेर नियम पुगेका सबैलाई आवेदन दिन पाउने अवस्था बनाइयो," अध्यक्ष झाले स्मरण गर्नुभयो, "पछि जनकपुर फर्केपछि तत्कालीन कर्मचारीलाई आफ्नो कार्यकक्षमा बोलाएर स्पष्टीकरण सोधेँ । सानो रकममा पनि कमिसन लिने गरेको, ठेक्कामा आफ्नो सेटिङका मान्छेलाई मात्रै आवेदन दिने व्यवस्था मिलाएको, मलाई नै जानकारी नदिएर एक डेढ वर्षको तलब पेश्की एकैपटक लिएर जग्गा किनेको, कोषमा तलब खाने रकमसमेत नभएको विषयहरू थिए । अधिकारको दुरुपयोग किन गरेको ? मलाई नसोधेरै किन यस्तो भएको ? भनेर लिखित स्पष्टीकरण सोधेपछि मुद्दा मामिला, मनमुटावजस्ता कुरा भए।"

परिषद्का पूर्वअध्यक्ष शर्मा क्षेत्राधिकारलाई लिएर अध्यक्ष र कर्मचारीबीच उत्पन्न हुने विवादले परिषद् सुरुदेखि नै विवादमा फस्दै आएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "परिषद्को जन्म संसद्बाट भयो तर क्षेत्राधिकारको विषयमा ध्यान पुऱ्याउन सकिएन। त्यसपछिका कुनै पनि संसद्ले विवाद समाधानका लागि ऐन संशोधनको आवश्यकता नै देखेनन्। त्यसैकारण मन्त्रिपरिषद्ले नियुक्त गरेको अध्यक्षभन्दा अध्यक्षको रोहवरमा नियुक्त कार्यकारी निर्देशक शक्तिशाली भएर आए । यसरी सुरु भएको विवाद अहिलेसम्म कायमै छ।"

मधेस प्रदेशका सभामुख तथा परिषद्का पूर्वअध्यक्ष मण्डल पनि अध्यक्षलाई फड्के किनाराको साक्षीका रूपमा राख्ने कानुनी व्यवस्थाले विवाद हुने गरेको बताउनुहुन्छ । कार्यक्षेत्र र अधिकारको अस्पष्टताका कारण ऐतिहासिक महत्व बोकेको संस्था सङ्कटमा रहेको उहाँको धारणा छ। "ढुकुटी कर्मचारीको हातमा छ। त्यसको सदुपयोग र दुरुपयोग हुँदा उत्पन्न हुने परिस्थितिको जस-अपजस भने अध्यक्षले बोक्नुपर्ने हुन्छ। त्यसैले एकपक्षीय कानुन नै समस्याको मूल कारण हो", पूर्वअध्यक्ष मण्डलले भन्नुभयो।

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि पनि सरकारले स्थापनाकालको उद्देश्यअनुरूप परिषद्लाई प्राथमिकतामा राखेर काम नगर्दा विगतदेखि नै समस्या भएको बताउनुहुन्छ। उहाँ जनकपुर जस्तो एतिहासिक, धार्मिक क्षेत्रको बृहत्तर विकासका निमित्त स्थापना गरिएको संस्थालाई सरकारले एउटा मन्त्रालयको शाखाजतिको महत्वसमेत नदिएको जिकिर गर्नुहुन्छ । "यो संस्था जनकपुरको बृहत्तर विकासका लागि ठूलो उद्देश्य लिएर स्थापना भएको थियो, सुरुमा त्योअनुसार यसको महत्व थियो तर पछि कायम राख्न सकिएन । यसमा हामी सबैका कमजोरी छन् । मूल रूपमा सरकारले नै प्राथमिकतामा राखेर काम गर्नुपर्ने हो तर त्यसो भएन", निधि भन्नुहुन्छ, "त्यसका लागि जनकपुरबाट प्रतिनिधित्व गर्ने हामी नेताहरूले पनि पर्याप्त ध्यान दिन नसकेकै हो। अब विवाद निरूपणका लागि थप ढिलाइ गर्नुहुँदैन।"

**मारमा कर्मचारी**

अशोककुमार कर्माचार्य परिषद्को सेवाबाट अनिवार्य अवकाशमा गएको दुई वर्ष हुन लाग्यो । विसं २०७९ भदौ ७ गते अवकाशमा जानुभएका उहाँले हालसम्म उपदानलगायत सुविधा पाउनु भएको छैन । करिब २९ वर्ष काम गरेको संस्थाबाट बिदा हुँदा योगदानको मूल्य र सम्मान पाउनुपर्नेमा अपमानित भएर घर जानुपरेको भन्दै उहाँ खिन्न हुनुहुन्छ।

"जीवनको ऊर्जाशील समय परिषद्को सेवामा बिताएँ तर अवकाश हुँदा रित्तो हात घर पठाइयो। आफ्नो योगदानको मूल्य पाउन परिषद्देखि मन्त्रालयसम्म सयौँपटक धाइसकेँ तर समस्या समाधान भएको छैन", उहाँले दुखेसो पोख्नुभयो। कर्माचार्यले उपदान, औषधोपचार, घरबिदालगायत सेवाबापत करिब रु ४० लाख पाउनुपर्ने छ । यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उच्च अधिकारी, परिषद्का अध्यक्षलगायतसँग पटकपटक अनुनय गर्दा पनि समस्या समाधान नभएको उहाँले सुनाउनुभयो । "ऐन, कानुन देखाएर अध्यक्ष र कार्यकारी अधिकृतको लडाइँ हुन्छ । त्यसको मारमा कर्मचारीहरू परिरहेका छौँ । अवकाश पाएपछि त मुक्ति पाइएला कि भनेको झनै दुःख थपियो । अहिले त म सडकमा आइसकेँ, अब चाँडै निकास दिए हुन्थ्यो", कर्माचार्यले आग्रह गर्नुभयो।

परिषद्मा २२ जना स्थायी र केही करारका कर्मचारी छन् । लामो समयदेखिको विवाद समाधान नहुँदा पछिल्लो समय अवकाशमा गएका कर्मचारीलाई सुविधा दिइएको छैन् भने सेवामा रहेकाहरूले समेत गत पुसदेखिको तलब पाएका छैनन्। तत्कालीन कार्यकारी अधिकृत बलराम ठाकुरको पदावधि सकिएपछि अर्को कार्यकारी नियुक्त हुनसकेको छैन। आर्थिक वर्ष २०७९/०८० देखि पुँजीगत रकम खर्च गर्न सकिएको छैन । परिषद्को बैठक बस्न पनि समस्या छ।

वरिष्ठ प्रशासकीय अधिकृत चिरञ्जीवी ढुङ्गाना उच्च तहमा देखिएको क्षेत्राधिकारको विवाद र अन्य स्वार्थको मारमा कर्मचारी परिरहेको बताउनुहुन्छ । उहाँ पछिल्ला दुई वर्षदेखि संस्थाका कामकारबाही ठप्प रहेका र उच्च तहबाट समस्या समाधानका लागि ठोस पहल नभएको गुनासो गर्नुहुन्छ। "चालुबाहेक परिषद्को पुँजीगत खर्च भएको छैन। विनियोजन भएको तलबलगायत अत्यावश्यक रकम पनि विभिन्न बहानामा रोक्ने काम भएको छ । हामीलाई विगत छ/सात महिनादेखि तलब दिइएको छैन। यसरी अनिर्णयको बन्दी बनाएर कसैलाई फाइदा हुँदैन।"

प्रशासकीय अधिकृत जितेन्द्रकुमार यादव दोषजति कर्मचारीलाई देखाएर संस्थालाई बन्धक नबनाउन आग्रह गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामी कर्मचारीले ऐन, नियमले दिएको, परिषद्ले तोकेको काम गर्ने हो तर संस्थाका ऐन, नियम, क्षेत्राधिकार बनाउने, सुधार्ने तथा संशोधन गर्नमा हाम्रो भूमिका छैन। तत्काल निकास दिन नेपाल सरकार र सम्बद्ध उच्च अधिकारीलाई हाम्रो आग्रह छ।"

परिषद् अध्यक्ष साह भने हालसम्म देखिएका समस्या समाधान गर्न आफूले अधिकतम् प्रयास गरिरहेको बताउनुहुन्छ। उहाँले हालसम्म समस्याका रूपमा रहेका ऐन तथा नियमावलीका व्यवस्था संशोधन गर्न अन्तिम पहल भइरहेको जानकारी दिनुभयो। "अब टालटुल गरेर समस्या समाधान हुनेवाला छैन। मेरो लडाइँ कर्मचारीसँग होइन, यहाँका समस्यासँग हो", अध्यक्ष साहले भन्नुभयो, "संस्थालाई थप परिस्कृत र बलियो बनाउनु आजको आवश्यकता हो, यस कार्यमा म लागिरहेको छु। अब चाँडै निकास निस्किनेमा आशावादी छु।"

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा प्रवक्ता हेमराज तामाङले परिषद्का समस्या समाधानका लागि पहल भइरहेको जानकारी दिनुभयो। "कार्यकारी निर्देशक नियुक्त हुन नसकेकाले निमित्त तोक्ने काम मन्त्रालय तहबाट भइरहेको छ", सहसचिव तामाङले भन्नुभयो । मन्त्रालयको संस्कृति शाखा प्रमुख शिवराज रेग्मीले भन्नुहुन्छ, "विवाद लामो समयसम्म राख्नुहुँदैन। परिषद् जे उद्देश्यका लागि स्थापना भएको हो सोअनुसार आफ्नो काम गर्नुपर्छ।"

विशुद्ध रूपमा धार्मिक पर्यटनको मूल प्रवाहीकरण गर्न स्थापित परिषद्मा एकले अर्कालाई देखाएर संस्थालाई नै सङ्कटमा पार्ने काम आजपर्यन्त भइरहेको छ। यसैले त अर्थ मन्त्रालयले सङ्घीय सरकारी निकायहरूको संरचनात्मक सुधारसम्बन्धी मिति २०८० जेठ १२ को प्रतिवेदनअनुसार परिषद्लाई खारेज गर्नुपर्ने निष्कर्ष पनि निकालेको छ। आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नं ४७ बमोजिम खारेजी गरिने तथा एकअर्कामा गाभिने २० वटा, पुनःसंरचना गरिने पाँचवटा निकाय र हस्तान्तरण गरिने एउटा निकायसहितको सार्वजनिक विवरणमा परिषद् पनि छ । यो जानकारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई समेत गराइएको छ तर संसद्ले बनाएको ऐनबाट बनेको संस्थालाई मन्त्रालयले मात्रै चाहेर खारेज गर्न नसकिने भन्दै हालसम्म कुनै निर्णय भएको छैन।

कतिपयले परिषद्लाई स्थानीय तहको जिम्मा दिनुपर्ने त कसैले प्रदेशको मातहतमा ल्याउनुपर्नेलगायत सुझाव दिइरहेका छन् । प्रबुद्ध व्यक्तिहरूले भने संस्थाभित्रको समस्या तत्काल समाधान गरी यस क्षेत्रका धार्मिक मठमन्दिर, ऐतिहासिक क्षेत्र र पर्यटकीय स्थलहरूको संरक्षण गर्ने गरी थप बलियो बनाउनुपर्ने मत राखिरहनुभएको छ।रासस

> आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नं ४७ बमोजिम खारेजी गरिने तथा एकअर्कामा गाभिने २० वटा, पुन:संरचना गरिने पाँचवटा निकाय र हस्तान्तरण गरिने एउटा निकायसहितको सार्वजनिक विवरणमा परिषद् पनि छ । यो जानकारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई समेत गराइएको छ तर संसद्ले बनाएको ऐनबाट बनेको संस्थालाई मन्त्रालयले मात्रै चाहेर खारेज गर्न नसकिने भन्दै हालसम्म कुनै निर्णय भएको छैन ।

# बस खोज्ने क्रममा हराएको भारतीय टोलीको चुम्बक फेला

चितवन । सिमलताल दुर्घटनामा बेपत्ता बसको खोजी गर्ने क्रममा हराएको भारतीय टोलीको चुम्बक (म्याग्नेट) फेलापरेको छ । बस खोजी गर्ने क्रममा गत शनिबार १९ किलोको चुम्बक र लाइफ ब्वाइ ट्यूब त्रिशूली नदीले बगाएर हराएको थियो।




उक्त चुम्बक सोमबार बिहान काभ्रेघाटस्थित नारायणी नदीमा फेलापरेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो । चुम्बकसँगै लाइफ ब्वाइ ट्युब पनि फेला परेको उहाँले बताउनुभयो।

गत असार २८ गते वीरगञ्जबाट काठमाडौँतर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००६ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-२४९५ख ००१ नम्बरको गणपति डिलक्स बस चितवनको सिमलतालमा पहिरोसँगै त्रिशूली नदीमा बेपत्ता भएको थियो।

बसमा सवार ६५ जनामध्ये तीनजना हामफालेर बाँच्न सफल भएका थिए भने ६२ जना बेपत्ता भएका थिए। हालसम्म २४ जनाको शव भेटिएको छ। तीमध्ये १८ जनाको पहिचान खुलेर परिवारलाई बुझाइसकिएको छ । अन्य छ शवको पहिचान खुल्न सकेको छैन । अझै ३८ यात्रु र बस भेटिएका छैनन् । हराइरहेको बस खोज्न भारतीय टोली चितवन आएका थिए। उक्त टोलीले बस खोज्नका लागि १९ र १४ किलोका दुईवटा चुम्बक (म्याग्नेट) ल्याएका थिए।

जसमध्ये शनिबार बस खोज्ने क्रममा १९ किलोको चुम्बक हराएको थियो। बस खोजी गर्नका लागि नेपाल आएको भारतीय टोली भने आइतबार नै फर्किसकेका छन् ।रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# साधक कामत अस्वस्थ

साधकहरु आत्मज्योतिका सहायताले अतीव सूक्ष्मदर्शी बन्छन अनि अन्तरमा इन्द्रिवृत्ति समूहको उत्पति , स्थिति र परिवर्तनका अतीव सूक्ष्म कारण समूहलाई प्रत्यक्ष गर्छन । त्यसपछि उनीहरुलाई द्रष्टा स्वरुपमा अवस्थान गर्छन । त्यसमा पनि शास्त्रीय संगीतका साधकका लागि सुर तालको ज्ञान र श्रोताको हृदयलाई नियन्त्रण गर्न सक्ने अभिव्यञ्जनका साथ धेर्य र आँटको यात्रा सहज हुँदेन । संगीत साधना देखि ,गीत सिर्जना , संगीत तयार गर्न सक्ने सामर्थ्य र सीपको यात्रामा साधकको संघर्ष , अभ्यास , आर्थिक अवस्था र मनोदशाको गाथा कल्पनाभन्दा बाहिरको कुरा हुन्छ । गोरटोमा सफलता र असफलताका आरोह अवरोहमाझ स्थापित हुनु आफैमा दुरुह र वेदनामय दिनहरुको एक-एक पलको अध्याय हुन् । कलामा तुलना हुँदैन , हर कलाले अर्कोलाई कम्प्लिमेन्ट गर्छ, अनुपूरण गर्छ । विलक्षण संगीत उपासकको श्रेयको परिदृश्यमा कष्टको कहर साधकको दिनचर्या बनेकोप्रति मानवीय संवेग देखा नपर्नु चिन्तनीय विषय हो । यो सत्य बडो क्रूर छ । यसलाई आरोप , उपेक्षा , निष्ठुरको विषय बन्न दिनु हुँदैन । नियत पवित्र हुनुपर्छ । सदाशयता हुनुपर्छ । शास्त्रीय संगीत साधक गुरुदेव कामतका गीतहरु गुन्जिरहेकोछ , गीत गायनका विद्यार्थीहरु उनका गीतको रियाज गरिहेका छन् । उनका गुरुकलका शिष्यहरु याचना गरिरहेका छन् - साधक कामतको स्वथ्यताका लागि । कामतका मैथिली र नेपालीमा कर्णप्रिय गीतहरु छन । उनका सांगीतिक स्वरले मानवीय संवेदना ,जीवन दर्शन पोखिरहेको छ तर, उनी स्वयम् उपचारका लागि काठमाण्डुमा असक्त भएपछि पैतृक गाउँ सिरहाको पोखरभिण्डा फर्कनु परेको छ । आर्थिक मारमा परेपछि कामतलाई काठमाण्डुबाट पैतृक गाउँ आउनु परेकोमा उनका शिष्यदेखि श्रोताको व्यग्रता बढ्दो छ । हुन त कामतलाई गायन क्षेत्रमा स्थापित गराउनुमा जिल्लावासीको श्रेयको इतिहास नमनकारी छ । कामतका संघर्षका दिनहरुले संगीत पारखी , विद्यार्थीका लागि प्रेरणा प्रदान गरिरहेको छ। कामतको अर्थपूर्ण गायन ठूलो सम्पति हो । कामत संगीत क्षेत्रको सम्मानित नाम , गायक , संगीतकार तथा संगीत गुरु हुन् । निकै श्रद्धाका साथ नाम लिइने गुरुदेवको दुबै मिर्गोलामा समस्या छ । आर्थिक संकटको सामना गर्नुपरेपछि कामत सपरिवार जन्मथलो फर्किएका छन् । शास्त्रीय संगीतमा उच्च नाम बनाएका एउटा सर्जक बेसहारा महसुस गर्नु ज्यादै दुःखद छ। शास्त्रीय संगीतमा जीवन समर्पित गरेका साधकलाई बेसहारा बनाउनु हुँदैन । उपचारमा सहयोगका लागि संघदेखि प्रदेश सरकारको ध्यान जानु पर्छ ।

# प्रदेशको आर्थिक समृद्धि बारे गन्थन



रोशन जनकपुरी

मैथिलीमा एउटा उखान छ : हल्लुक माइट बिलाइर कोरैछै । (खुकुलो माटो बिरालोले खन्छ ।) केही दिन पहिले मधेश प्रदेशका मुख्यमन्त्रीले एउटा कार्यक्रममा पर्यटनलाई प्रदेशको समृद्धिको प्राथमिक स्रोतको रुपमा व्याख्या गरे । मूख्यमन्त्री मात्रै होइन, प्रायःअधिकांश नेताहरुले पर्यटनलाई समृद्धिको प्राथमिकीमा राख्ने गरेको देखिन्छ । प्रदेशका कयौं योजनाविद्हरुले पनि यस्तै विचार व्यक्त गरिरहेको पाइन्छ । यो, विकास र समृद्धि बारे खुकुलो माटो कोट्याए जस्तै हो ।

पर्यटनबाट नगदी आम्दानी हुने गरेकोले यस्ले बजार वृद्धिमा बल अवश्य पुग्छ । प्रतिवर्ष पर्यटकहरुको आगमनलाई विचार गर्दा यो ठिकै देखिन्छ । तर के स्थायी आधारहरुको रुपमा पर्यटनले प्रदेशको विकासमा भूमिका खेल्न सक्छ ? यस दृष्टिले प्रायःविमर्श र बहस गरिँदैन । एकाकी रुपमा भने पर्यटन विकासको प्राथमिक स्रोतको रुपमा रहेको भाष्य प्रायः सबैतिर खडा गरिएको पाइन्छ ।

मधेश प्रदेशमा पर्यटकहरुलाई आकर्षित गर्ने क्षेत्रहरु जनकपुरको जानकी मन्दिर जस्ता प्रायः सीमित प्रसिद्ध धार्मिक स्थानहरु छन्, जहाँ आन्तरिक र बाह्य पर्यटकहरु आउने गर्छन् । पर्यटकहरु प्रायःशहरहरुमा आएर बास बस्ने हुनाले यस्ले जे जतिभूमिका खेलेपनि शहर र बजार मै हो । त्यसकारण पर्यटनले योगदान गर्ने समृद्धिको बहुल हिस्सा शहर र बजारलाई प्राप्त हुनु स्वाभाविक हो ।

केही वर्ष देखि देशमा जसरी शहरीकरण प्रक्रिया चलि रहेको छ, त्यसले देश र प्रदेशहरुको बसोवासको तथ्यांकमा गम्भीर प्रभावित गरेको छ । यस दृष्टिले मधेश प्रदेशको तथ्यांकमा पनि अधिकांश जनसंख्याशहरमा नैबसी रहेको देखिन्छ । तर जब जनताको जीवनस्तर, आधारभूत संरचना र कृषिजन्य जीवनशैली हेर्दा मधेश प्रदेशका अधिकांश जनसंख्या अहिले पनि कृषिजन्य जीवनशैलीमा बाँची रहेको तथ्यको सहजबोध गर्न सकिन्छ । नयाँ संरचनामा नगरपालिका, उपमहानगरपालका र महानगरपालिकाको संख्या जोडने हो भने हाल गाउँपालिकाको संख्या कम छ ।

तथ्यांकहरुमा सदरमुकाम तथा नगरपालिकाहरुको सुदूर क्षेत्रहरु र गाउँपालिकहरुमा गरिबीको तथ्यांक उच्च छ । संगसंगै बाहिरी शहरीक्षेत्र र ग्रामीण क्षेत्रमा जनताको जीवनशैलीमा वैदेशिक रोजगार र कृषि नै मूख्य देखिन्छन् । अहिले पनि मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा कृषिको योगदान नै बढी छ । देशको कुल जिडिपीमा कृषिको योगदान २३.९ प्रतिशत छ भने मधेश प्रदेशमा यो अनुपात ३४.३ प्रतिशत छ । यसबाट के बुझिन्छ भने मधेश प्रदेशको विकासमा पर्यटनलाई प्रधान मान्नु यथार्थ धरातल भन्दा भिन्न भ्रमपूर्ण दृष्टिकोण हो । यसतर्फ विचार नगर्नुको अर्थ प्रदेशको विकासमा तुलनात्मक लाभ र आयआर्जनको उपायहरुमा रुपान्तरण बारे कृषिको भूमिका र सकारात्मक सम्भावनाका सूचकहरुलाई उपेक्षागर्नु हुनेछ ।

मधेश प्रदेश अन्य प्रदेशको तुलनामा आकारमा सानो भएपनि जनसंख्या र सम्भाव्यताको दृष्टिले अगाडी मानिन्छ । यस सकारात्मक सम्भावनाको बाटोमा अवरोध भनेको दीर्घकालीन सही योजना नीति, सूझबूझ पूर्ण, रचनात्मक र दृढ नेतृत्व तथा इमान्दार राजनीति र कर्मचारीतन्त्रको अभाव हो । भ्रष्टाचार र निजी स्वार्थको राजनीति अन्यप्रदेश झै यस प्रदेशको निम्ती पनि मूख्य अवरोधक देखिन्छ । होइन भने, यस प्रदेशको आठवटै जिल्ला दक्षिणी छिमेकी देश भारतसित जोडिनुलाई सही ढंगले उपयोग गर्ने हो भने कृषि, उद्योग, रोजगारी र पर्यटन, यसै प्राथमिकीमा सबै क्षेत्रको समृद्धिको बलियो आधार हुनसक्छ । तरपनि यस प्रदेशको अधिकांश जनताको जीवनशैली कृषिसंग जोडिएको तथ्यविचार गर्ने हो भने यस प्रदेशमा उद्योग होस वा बजार दुबै कृषिकेन्द्रितहुनु यस प्रदेशको द्रुतविकास र समृद्धिको बाटो हुनसक्छ । त्यसैले यस प्रदेशको आर्थिक समृद्धिमा पर्यटनले महत्वपूर्ण भूमिकानिर्वाह गरेपनि स्थायी रुपमा कृषिआधारित आर्थिक नीति नै उचित देखिन्छ ।

यसरी नै यो प्रदेश श्रमशक्तिको दृष्टिले पनि महत्वपूर्ण भएकोले वैदेशिक रोजगारी र आन्तरिक रोजगारी अर्थात सेवाक्षेत्र दोस्रो प्राथमिकतामा पार्नु पर्ने देखिन्छ । देशको आर्थिक खजानामा रेमिटेन्स अर्थात विप्रेषणको भूमिकाबारे भनिरहनु पर्दैन । यस बारे त नेपालका अर्थशास्त्री र स्वयं नेपाल राष्ट्र बैंकले स्वीकारेको छ । देशमा वैदेशिक रोजगारीमा जाने र विप्रेषण सबैभन्दा बढी मधेश प्रदेशबाट नै हो भन्ने तथ्य पनि सर्वविदित नै छ । तर यससंगै तीतो यथार्थ के छ भने देशमा सबैभन्दा बढी विप्रेषण ल्याउने मधेशप्रदेश नै सबैभन्दा बढी गरिब छ ।

गतहप्ता काठमाँडौंमा केही साथीहरुसंग छलफलमा थिएँ । उनीहरुको भनाई थियो देशमा सबैभन्दा बढी विप्रेषण मधेशमा आउँछ, तर त्यो पैसा कहाँ जान्छ । मधेश प्रदेशमा गरीब वैदेशिक श्रमिकहरुको अवस्थामा सुधार किन आउँदैन ? विदेशमा गएर श्रम बेच्ने श्रमिकहरु सोझा जनताहरु हुने गर्छन् । त्यसैले गाउँघरका छटठू महाजन देखी म्यानपावर कम्पनीका ठेकेदार र एजेन्टहरु र कर्मचारीतन्त्र सबैले यी सोझा श्रमिकहरुको ज्याला विविध निहुँमा लुटिरहेका हुन्छन् । यतिले मात्रै पुग्दैन, विदेशमा कबोल गरे अनुसारका काम नपाएर सस्ता श्रम बेचेर जब केही वर्षपछि श्रमिक घर फर्कन्छ, उसको श्रम ज्यालाबाट थुप्रै जुकाहरु त मोटाएका हुन्छन्, उसको आर्थिक गरिबीको स्थितिमा खासै भिन्नता आएका हुँदैन । यो महत्वको प्रश्नहो ।यसबारे आर्थिक योजनाविद् र प्रदेशको नेतृत्वहरुले विचार विमर्श गर्नु आवश्यक छ ।

प्रदेशको मूख्यनाका बीरगन्ज, रेल नेटवर्कसंग जोडिएको सुख्खाबन्दरगाह, देशको सबैभन्दा ठूलो एकीकृत जाँच चौकी, भारतीय बन्दरगाहसम्मको सहज पहुँच र ढुआनीको सहजताले यस प्रदेशलाई उद्योगधन्दा र व्यवसायको निम्ती पनि अनुकूल र सम्भावना युक्त बनाउँछ । तर उद्योगधन्दा र बजारको विकासको सही दृष्टिकोणको अभावमा यो प्रदेश पछि परेको देखिन्छ । उद्योग दर्ता संख्याको आधारमा यो प्रदेश पाँचौं स्थानमा छ । यसभन्दा पछि कर्णाली र सुदूरपश्चिम प्रदेश मात्र छ ।

यसरी समग्र दृष्टिकोणबाट विचार गर्दा यस प्रदेशमा आर्थिक समृद्धिको प्राथमिक सुचिमा कृषि, सेवा (वैदेशिक र आन्तरिक श्रम व्यवस्थापन), उद्योग र पर्यटन पर्ने देखिन्छ । यस प्रदेशको सबैभन्दा सम्भावना युक्त सूचक भनेको श्रम र कृषिजन्य जीवनहो भन्ने यथार्थलाई बुझेर नै प्रदेशको समृद्धिको योजना र नीति तय गर्नु सही दृष्टिकोण हो । देशको कुलभूभागको सबैभन्दा कम ६.६ प्रतिशत भूभाग ओगटेको मधेश प्रदेशमा कुल जनसंख्याको सबैभन्दा बढी २०.९९ प्रतिशत जनसंख्याको बसोबास महत्वपूर्ण तथ्यांकहो । यसको व्यवस्थापन चुनौती हो भने, यति विशाल दक्ष र अदक्ष श्रमशक्तिको सही उपयोगले प्रदेशको समृद्धिको अनुपम ढोका खोल्ने सम्भावनापनिउत्तिकै छ ।

क्षेत्रगत विशिष्टताको तुलनागर्ने हो भने पहाडी क्षेत्र झै प्राकृतिकपर्यटन, जडीबुटी र जलउर्जा तराई मधेशमा छैन । तर तराई मधेशमा विशाल कृषिक्षेत्र, घना वनजंगल र ठूलठुला बजारसंगै, सबैभन्दा विशिष्ट सबैभन्दा ठूलो मात्रामा श्रमशक्ति छ । यस दृष्टिले विचार गर्दा अहिलेसम्मका प्रायः सबै बजेटहरुमा कुनै ठोस नीति अवलम्बन गरिएको पाइँदैन ।

प्रदेशसभा र राजनीतिक नेतृत्वको समस्या के छ भने यस प्रदेशमा कुनैपनि योजना निर्माणमा गम्भीरता देखिँदैन । यो गम्भीरता यस पटकको बजेट तथा नयाँ योजनानीतिकारहरुमा पनि देखिँदैन । प्रदेशको समृद्धि प्रति दुरदर्शी र जनताप्रति प्रतिबद्ध दृष्टिको अभावको कारण प्रदेशको बजेट निर्माणमा गम्भीरताको अभाव हमेशा देखिँदै आएको हो ।

वस्तुतः प्रदेशको दूरदर्शी सम्भाव्यताको निम्ती प्राथमिकता क्रम अनुसारको दीर्घकालीन योजना हुनु पर्छ । मधेश प्रदेश गठन भएपछिको यो दोस्रो कार्यकालहो । तर अहिले पनि प्रदेशमा कुनै दीर्घकालीन योजना देखिँदैन । राजनीति र कर्मचारीतन्त्र माधमिरा जस्तो विद्यमान भ्रष्टाचार र कमीसनतन्त्रको कारण दीर्घकालीन योजनाहरु निरन्तर भ्रष्टाचारका योजना जस्ता हुन जान्छन् र सरकार फेरिएपछि यस्ता योजनाहरु फेरिने गर्छन् । दैनिक राजनीतिमा यो सामान्यझै लागे पनि प्रदेशको समृद्धिको दीर्घकालीन सम्भावनाको दृष्टिले यो अत्यन्त नैराश्यपूर्ण स्थिति हो । राजनीतिक दलहरु तथा बौद्धिक जमातले यस बारे व्यापक दृष्टिकोणको विकास गराउनु र प्रदेशमा जनदबाब सृजना गर्नु जरुरी छ ।

सही दृष्टिकोण तथा यथार्थ र विवेकयुक्त तथ्यसंग अवगत नभई सही योजनाको निर्माण हुन सक्दैन । अहिलेको आर्थिक योजनाहरु बारे विचार गर्दा यस्मा अर्थशास्त्रीय बौद्धिकता र स्थापित भाष्यहरु त देखिन्छन् , तर वस्तुगत यथार्थ तथ्यको अभाव देखिन्छ । यहीकारण हो, नेताहरु सही तथ्यको जानकारीको अभावमा आफूखुशी बोल्ने गर्छन्, जस्ले असंगत भाष्य स्थापित हुन्छ, र चाटुकार अर्थशास्त्रीहरु नेताजीले स्थापित गरेका भाष्यको आधारमा नै योजनाहरु बनाउने गर्छन् । यसले प्रदेशलाई समृद्धिको उल्टो दिशामा लैजान्छ । यसले केही धनी मानिसलाई झन् धनी बनाउने र बढी श्रमजीवि गरिब जनतालाई झन गरिब बनाउँछ । त्यसैले प्रदेशको समृद्धिको निम्ती स्रोतहरुको सही प्राथमिक सुचि बनाउनु सबैभन्दा पहिलो आवश्यकता हो ।

> नेताहरु सही तथ्यको जानकारीको अभावमा आफूखुशी बोल्ने गर्छन्, जस्ले असंगत भाष्य स्थापित हुन्छ, र चाटुकार अर्थशास्त्रीहरु नेताजीले स्थापित गरेका भाष्यको आधारमा नै योजनाहरु बनाउने गर्छन् । यसले प्रदेशलाई समृद्धिको उल्टो दिशामा लैजान्छ । यसले केही धनी मानिसलाई झन् धनी बनाउने र बढी श्रमजीवि गरिब जनतालाई झन गरिब बनाउँछ । त्यसैले प्रदेशको समृद्धिको निम्ती स्रोतहरुको सही प्राथमिक सुचि बनाउनु सबैभन्दा पहिलो आवश्यकता हो ।

# सफलताका लागि संवेग व्यवस्थापन



नेत्र सुवेदी 'प्रयास'

'के छ हालचाल ?' भनेर कसैले सोध्यो भने हामीले तयारी जवाफ दिन्छौँ 'ठिकै छ' । कसैले 'खतम छ' पनि भन्ला । तर यी जवाफ प्रस्ट भएनन्, सोलोडोलो खालका भए । यी र यस्ता प्रश्नको यकिन र प्रस्ट जवाफ दिन सकेमा हाम्रो जीवन नै बदलिन सक्ने दाबी मनोविज्ञानवेत्ताहरुको रहेको छ । आफूमा वा अरूमा तत्काल रहेको संवेगलाई राम्रोसँग बुझ्नु भनेको हामी कसरी सिक्ने, कसरी निर्णय गर्ने, कसरी अरूसँग व्यवहार गर्ने भन्ने विषयमा प्रस्ट हुन सरल हुन्छ भने अन्ततोगत्वा व्यक्तिगत उन्नतिका लागि पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

संवेगहरुको आफ्नै पहिचान र महत्व रहेको हुन्छ । संवेगलाई शरीरको बुद्धि पनि भनिन्छ । संवेगहरु जीवशास्त्रीय तत्व हुन् । यसलाई हाम्रो शरीर र दिमागले काम गर्ने रसायन पनि भन्ने गरिन्छ । भनिन्छ कि हामीमा आउने संवेग हामीलाई केही न केही सुनाउन उपस्थित भइरहेको हुन्छ । संवेग सिर्जना गर्ने उद्दीपकलाई हामीहरु आन्तरिक र बाह्य भनेर हेर्न सक्छौं । आफैँभित्र सिर्जित कुनै विचार वा भौतिक अनुभूतिलाई आन्तरिक उद्दीपक भनिन्छ भने कसैसँग भएको भेट वा कुनै घटना भने द्वितीयक उद्दीपकमा पर्दछन् । संवेग र विचार एकले अर्कोलाई प्रभाव पार्ने हुन्छ । साथै संवेगले हाम्रो शरीरमा पनि असर पर्दछ । यसको ज्ञानबाट व्यक्तिलाई अवसर र चुनौतीका लागि तयारी हालतमा राख्दछ ।

शरीरमा रहेका आधारभूत क्रियाहरु जस्तैः मुटुको धड्कन, रगतको प्रवाह, पाचन क्रिया, रोगसँग लड्ने क्षमता, मांसपेसीमा रहने लचिलोपन र शरीरको तापक्रममा घटबढ हुने गर्दछ । त्यसैले भनिएको छ कि के कस्तो शारीरिक अवस्था छ भन्नेबाट पनि कस्तो संवेग पैदा भएको छ भन्ने थाहा लाग्दछ । संवेग पहिचान गर्ने र सोहीअनुसार व्यवहार गर्ने अभ्यास गर्दै जाँदा मन्दखालको अनुभूति चिनेर कडा र घातक प्रतिक्रिया पैदा नहुँदै व्यवस्थित गर्न सम्भव हुन्छ । हाम्रो शरीरको अवस्था जान्नका लागि शरीर-मस्तिष्क-हृदयको 'स्क्यान' गर्नुपर्ने अनि मात्र पूर्णरुपमा जानकारी पाउन सकिने भनिएको छ । भौतिकरुपमा अनुभूत भएका कुराहरु जस्तैः चिन्ता, मुस्कान, मांसपेसीको लचकता छ वा छैन भन्नेबाट शारीरिक अवस्था थाहा लाग्दछ भने कस्तो विचार आइरहेको छ ? ध्यान केन्द्रित भएको छ वा भङ्ग भइरहेको छ अवलोकन गर्ने गर्दा मस्तिष्कको अवस्था थाहा लाग्दछ भने शान्त छ वा झोँक चलेको छ वा खुसी वा चिन्तित वा उत्साहित के छ भन्ने जानकारीबाट हृदय पढ्न सकिने देखिन्छ ।

रोबर्ट प्लुटचकका अनुसार खुसी, आश्चर्य, रुचि, नरुचाउनु वा घृणा गर्नु, चिन्ता, डर छ आधारभूत संवेगमा पर्दछन् । त्यसैगरी, आठवटा आधारभूत संवेगमा रिस र विश्वाससमेत थपिन्छन् । समूहमा सँगै बसेर घटनाक्रम र भएको अनुभूति साटासाट गर्ने क्रममा कुन संवेगले काम गरेको भनेर अनुमान लगाउन सक्छन् र कस्तो संवेगका बखत के कस्तो व्यवहार वा क्रियाकलाप गर्नु उचित हुन्छ र के कस्तो गर्नु हुँदैन भन्ने सिकाइसमेत हुन्छ ।

हाम्रो दिमागमा रहने 'हाइपोथ्यालामस' त्यस्तो चीज हो, जसलाई संवेगको रसायन रहने कारखाना नै भन्न सकिन्छ । प्रोटिनबाट बनेका धागोजस्तो वस्तुबाट बन्ने त्यस्ता संवेगका रसायनहरु दिमाग हुँदै पिटुटरी नली हुँदै रगतमा प्रवाह हुने गर्दछन् । यसबाट पनि के बुझ्न सकिन्छ भने संवेगात्मक अनुभूतिको प्रभाव प्रत्येक जीवित कोषमा पर्न जान्छ । संवेगसम्बन्धी रसायन शरीरभरि पुग्न छ सेकेन्ड लाग्ने बताइएको छ ।

### किन आवश्यक छ संवेग व्यवस्थापन

अहिलेको मान्छेमा र अहिलेको सम्बन्धमा देखिएको बेचैनी, बेखुसी, अशान्ति र विरोधाभासको पिँधमा पुगेर हेरियो भने संवेगलाई पढ्न नसक्नु र संवेग नबुझी व्यवहार गरिनुमा पुगिन्छ । आधुनिक दुनिया जति नै नजिकका व्यक्तिहरुबीचमा पनि अनुभूतिमा आधारित संवाद कम वा दुर्लभ हुन्छ । एकै परिवारका सदस्यहरुबीच, एउटै टोलीमा काम गर्ने भनिए पनि वा एउटै सङ्गठनमा समेत एकले अर्काको संवेग बुझेर हैन कि आफ्नो संवेगलाई सबैथोक ठाने जसरी बोलिन्छ, जसबाट अरूलाई हित नगर्न सक्छ । अझ यसरी भनौं प्रत्येक छलफलमा शान्ति वा आत्मीयता प्रवर्द्धन गर्ने वा द्वन्द्व वा हिंसा बढाउने भन्ने छनोट हामीले नै गर्ने हो अरू कसैले गरिदिँदैन । एकता प्रकाशनले सन् २०२० मा बजारमा ल्याएको 'माई इमोसन म्याटर' नामक पुस्तकमा संवेगको परिचय तथा आधारभूत पक्षहरुका सम्बन्धमा चर्चा गर्दै सकारात्मक व्यवस्थापनका बारेमा मार्गदर्शन गरिएको छ ।

संवेगलाई चिनाउने संवेगात्मक साक्षरता र संवेगात्मक बौद्धिकताबाट सन्तुलित र प्रभावकारी जीवन जिउने कलाको विकास हुन्छ । यो कौशलबाट कुनै पनि कामको नतिजाको प्रभावकारिता बढ्ने, निर्णय निर्माणमा सुधार आउने, स्वस्थकर रहने र आपसी सम्बन्ध प्रगाढ राख्न सहयोगी हुन्छ । भनिएको छ कि संवेगलाई बुझ्नेहरु अनुभूति व्यवस्थापनमा चुस्त हुन्छन् र त्यसैगरी आफ्नो काममा पनि निपूर्ण उत्रिन्छन् । उनहरु खुसीमा मात्तिने र दुःखमा आत्तिने नगरी एकखालको सन्तुलित व्यवहार प्रदर्शित गर्न सक्छन् ।

### संवेग व्यवस्थापन कला

दिनभरि गरिएका कामलाई फर्केर हेर्दा खुसीको पल र दुःखको पल कुन थियो ? गत हप्ताभरिको सुनाउनयोग्य कुनै क्षण कुन थियो ? यस्ता प्रश्नहरु व्यक्तिको संवेगसँग सम्बन्धित हुन्छन् । कुन घटना वा क्षणमा के कस्ता अनुभूति भए भन्ने तहमा व्यक्तिले जवाफ दिन सकेमा मात्र उल्लिखित प्रश्नको जवाफले अर्थ राख्दछ । यसरी मनका अनुभूतिहरु व्यक्त गर्ने अवसर पाउँदा मान्छे नजिक भएको महसुस गर्दछ । हामीमा सिर्जना हुने वा हाम्रो व्यवहारलाई प्रभावित गर्ने आधारभूत संवेगहरुको जानकारी गराएपछि माथि उल्लेख भएका प्रश्नहरुको उत्तर दिन सरल हुन्छ । अभ्यास गर्दै जाँदा सुनाएका क्षण वा संवेगहरु वा व्यक्तिले महसुस गरेका प्रतिक्रियाहरु कुन संवेगसँग सम्बन्धित छ भनेर सुनाउने व्यक्तिले नै भन्न थाल्दछन् ।

एउटा परिवारमा रहने व्यक्तिहरु कमसेकम साँझको १५ मिनेट सँगै बसेर दिनभरिमा के कसो भयो भनेर आ-आफ्नो अनुभूति सुनाउने संस्कारको विकास गर्नु सकियो भने कस्तो परिस्थितिमा कुन संवेग प्रभावी भएर आयो भन्ने खुल्दै जान्छ । आफू स्वयम् र अरू कुनै व्यक्तिको सम्बन्धमा पनि के कसरी व्यवहार गर्दा उसको संवेगमा अनावश्यक उतरचढाव आउँदैन भनेर बुझ्नका लागि पनि आफू वा अरू कसैलाई कुन खालको घटनाले प्रभाव पार्दछ भन्ने बुझ्नु आवश्यक हुन्छ । यसबाट नै पारिवारिक सम्बन्ध प्रगाढ बन्दै जान्छ । त्यस्तै मूल्यमा आधारित शिक्षाको पाटोका रुपमा संवेगसम्बन्धी सिकाइबाट व्यक्ति, विद्यालय र अन्य सङ्गठनलाई संवेगात्मक बौद्धिकताको सहयोगबाट अन्तरवैयक्तिक सम्बन्धमा रहेका समस्या हल गर्ने विश्वास गर्न सकिन्छ ।

घरपरिवारको सदस्य, विद्यालयमा अध्ययनरत विद्यार्थी, कार्यालयका स्टाफ वा कुनै टोलीका सदस्यहरुलाई संवेगसम्बन्धी साक्षरता आवश्यक पर्दछ । सुरुमा उत्सुकता, खुसी र डरलाई बुझाउन क्रमशः कोपिला, फूल र काँडाद्वारा चिनाउन सकिँदोरहेछ । अनि एकले अर्कोलाई तिम्रो आजको फूल के हो भनेर जिज्ञासा राख्न पनि मिल्दोरहेछ । कसैले भन्ला कि आज धेरै वर्षपछि मेरो मिल्ने साथीसँग भेट भयो त्यसैले आजका लागि मेरो फूल यही भेट हो भनेर । अनि आउने हप्ता पोखरा घुम्न जाने योजना बन्नु कुनै विद्यार्थीका लागि कोपिला हुन सक्छ । संवेगलाई मसिनोसँग चिनेपछि व्यवहार गर्न पनि सरल हुँदै जानु स्वाभाविक नै हो ।

हामीहरु जटिलताले भरिपूर्ण समयमा बाँचिरहेका छौं । पहिलेपहिले नभएका र शीघ्र सुधार भइरहेका सञ्चारमाध्यम तथा सामग्रीको बाढी नै लागेको छ तर पनि व्यक्तिहरु एकलकाँटे देखिन्छन्, खुसी देखिन्नन्, सम्बन्धहरु पनि टिकाउ भइरहेका छैनन् । तनावको तह बढिरहेको छ । यी कारणको परिणामस्वरुप व्यक्तिहरु अस्थिर, अधैर्य, आपसमा भिड्ने, भाग्ने, निष्क्रिय रहने क्रम बढेको छ । सारमा भन्नुपर्दा हामीले व्यक्तिगत र सामूहिक रुपमा भोग्नुपरेका समस्याको समाधान जटिल बन्दै गइरहेको छ । हाम्रो परिवेश र कार्यशैलीका कारण संवेगात्मक चुनौती बढेको हो । बालबालिका, किशोरकिशोरी पनि तनावको भुमरीमा छन् ।

अहिलेको जटिल जीवनशैलीयुक्त समाजमा व्यक्तिले आफ्नो र अरूको पनि संवेग बुझेर व्यवहार गर्नुपर्ने भएको छ । क्यालिफोर्नियामा कार्यालय रहेको गैरसरकारी संस्था सिक्स सेकेन्ड्स त्यस्तो संस्था हो जसले संवेगलाई व्यवहारमा प्रयोग गर्न सक्नेगरी प्रक्रिया विकास गरेको दाबी गरेको छ । संवेगात्मक बौद्धिकताको सही अभ्यासबाट विश्वमा अर्बौंको सङ्ख्यामा रहेका मानिसलाई सन्तुलित व्यवहार गर्न सक्षम बनाउँदै शान्त, समृद्ध र अझ राम्रो विश्व निर्माण गर्ने भिजन उक्त संस्थाको रहेको छ र संवेग सम्बन्धमा थुप्रै सामग्रीहरु प्रयोगकर्तालाई उपलब्ध समेत गराएको छ ।

'जोन' नामक विद्वानका अनुसार यदि कुनै व्यक्तिले संवेगसँग स्वस्थ र खुला सम्बन्ध राख्न सक्षम भयो अनि आफूमा आएको संवेगलाई पहिचान गर्न स्वीकार गर्न र सम्मान गर्न सक्यो भने र ती संवेगलाई जागृतिको औजारका रुपमा लिन सक्यो भने मात्र त्यो क्षमताले जीवनका विभिन्न मोडमा आवश्यक पर्ने निर्णय लिने कार्य सरल भएर जन्छ । संवेगको सम्बन्धमा साक्षर हुनु भनेको संवेग के के हुन्छ भनेर बुझ्नुमात्र कदापि होइन । तत्काल आफूमा के कस्तो संवेग अनुभूति भइरहेको छ अवगत हुनु, अरू व्यक्तिको अनुहार हेरेर वा स्वर सुनेर उसको संवेग पहिचान गर्नु पनि हो । यदि अनुमान लगाउन सकिएन भने संवेग पढ्न नसकेको नै मानिन्छ ।

त्यस्तै, कुनै घटना वा परिस्थितिको सम्बोधन गर्ने कि प्रतिक्रिया मात्र व्यक्त गर्ने, जीवनमा कुनै लक्ष्य वा उद्देश्य लिएर त्यसैमा केन्द्रित हुनु वा निरुद्देश्य भड्किरहनु, कुनै जिज्ञासामा जवाफ दिन हतार गर्नु वा केहीबेर रोकिएर जवाफ दिनु, अरूले राखिरहेको विषय सुन्न तयार नहुनु वा ध्यान दिएर सुन्नु, आफ्नो मूल्यमान्यता बारेमा नै अनभिज्ञ हुनु वा मूल्यमान्यता पछ्याउनु, कुनै कार्यपश्चात् पृष्ठपोषण नलिनु वा पृष्ठपोषणप्रति खुला रहनु जस्ता परस्पर विपरीत व्यवहार संवेगप्रति साक्षर हुँदा वा नहुँदा देखा पर्दछन् । वास्तवमा व्यक्तिमा देखापर्ने जुनसुकै खालको संवेगको जिम्मेवारी उक्त व्यक्तिकै हुन्छ । आफ्नो संवेगका कारण भएको नतिजाका लागि जिम्मेवारी नलिने तर अरूलाई आरोप भने लगाइहाल्ने प्रवृत्ति पनि संवेगको व्यवस्थापन कला नभएकै परिणाम हो । संवेगको साक्षरता वा संवेगात्मक बौद्धिकता राम्रो भएको खण्डमा आफ्नो वा संलग्न समूहलाई पूर्णरुपमा जागृत राख्न सहयोग पुग्दछ ।

संवेगात्मक अनुभूतिहरुलाई बेवास्ता गर्ने अभ्यास बढ्दै गयो भने त्यस्ता अनुभूतिसँग मुकाबिला गर्ने विषय चुनौतीपूर्ण हुँदै जान्छ । संवेगका सङ्केतहरुप्रति सचेत भइयो भने एउटा वा एकभन्दा वढी संवेगले शरीर र व्यवहारमा ल्याउन सक्ने प्रतिकूल परिणामबाट बच्न सकिन्छ । शरीरमा पैदा हुने संवेगहरुमध्ये सबैभन्दा बढी प्रभावमा रहेको संवेग प्रस्ट देखिन्छ । रिसलाई सबैभन्दा सशक्त संवेग मानिएको छ । जस्तो कुनै व्यक्ति रिसाएको बखत एकान्तपन, आशावादिता, केही गर्न उत्साहित पनि हुन सक्दछ । एउटा संवेगलाई अरू सबै संवेगलाई हटाइहाल्न नसक्ने हुँदा कुनै संवेग अनुभूत भइरहेको बेला अरू कुनै अनुभूति पनि छ कि भनेर 'स्क्यान' गर्नुपर्ने हुन्छ । अर्कोतिर संवेगात्मक अनुभूतिहरु सङ्क्रामक हुने बताइएको छ । हामीमा आउने संवेगले हाम्रो कार्यव्यवहारलाई त असर गर्दछ नै यसले हाम्रो वरपर रहेका र हामीसँग सरोकार राख्ने व्यक्ति वा समूहलाई समेत असर गर्दछ ।

विवाद समाधानका क्रममा विवादका कारण तथ्य हो वा सम्बन्ध हो पहिल्याउनुपर्ने देखिन्छ । कारणको सही पहिचान भयो मात्र समाधान सरल बन्दछ । त्यस्तै, हामी उच्च शिक्षासम्म अध्ययन गर्दा पनि धेरै खालका तथ्याङ्कसँग चल्दछौं तर संवेग वा सम्बन्धका बारेमा कमै मात्र अध्ययन हुन्छ । आपसी सहयोगका सम्बन्धमा कम र प्रतिस्पर्धामा ज्यादा जोड दिएका हुन्छौं । फलस्वरुप हामी संवेग सम्बन्धमा कमै मात्र जानकार हुन्छौं । सङ्गठनभित्र रहेका कर्मचारीहरुको संवेगात्मक अवस्था र कार्यसम्पादनमा त्यसको सम्बन्धको विश्लेषण गरी सोही अनुसार व्यवहार गर्ने र परामर्श उपलब्ध गराउन सकेमा कार्यालयकै कार्यसम्पादन वृद्धि हुन्छ । यो विषयलाई मनन गरी संवेगात्मक साक्षरता र संवेगको सुव्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ ।

> विवाद समाधानका क्रममा विवादका कारण तथ्य हो वा सम्बन्ध हो पहिल्याउनुपर्ने देखिन्छ । कारणको सही पहिचान भयो मात्र समाधान सरल बन्दछ । त्यस्तै, हामी उच्च शिक्षासम्म अध्ययन गर्दा पनि धेरै खालका तथ्याङ्कसँग चल्दछौं तर संवेग वा सम्बन्धका बारेमा कमै मात्र अध्ययन हुन्छ । आपसी सहयोगका सम्बन्धमा कम र प्रतिस्पर्धामा ज्यादा जोड दिएका हुन्छौं । फलस्वरुप हामी संवेग सम्बन्धमा कमै मात्र जानकार हुन्छौं ।

*(लेखक बाग्लुङका प्रमुख जिल्ला अधिकारी हुनुहुन्छ)रासस*

# ऊर्जामन्त्री खड्का र अमेरिकी राजदूतबीच भेटवार्ता

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनबीच भेटवार्ता भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयमा सोमबार भएको भेटमा उहाँहरूबीच नेपाल–अमेरिका सम्बन्धका विविध विषयमा छलफल भएको थियो ।

त्यस अवसरमा मन्त्री खड्काले नेपाल-अमेरिकाबीचको ७७ वर्ष लामो सम्बन्धलाई थप प्रगाढ बनाएर अगाडि बढाउन नेपाल प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले ऊर्जा क्षेत्र नेपालको आर्थिक विकासको सबैभन्दा ठूलो क्षेत्र भएकाले यसलाई अगाडि बढाउन अमेरिकाको साथ र सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो। "युएसएआईडीमार्फत अमेरिकाले नेपालको विकासमा ठूलो सहयोग गरेको छ, आगामी दिनमा पनि यस्तो सहयोग हुने विश्वास लिएको छु", मन्त्री खड्काले भन्नुभयो।

ऊर्जा क्षेत्रको विकासमा भएका कानुनी झन्झटलाई हटाएर सरकार अगाडि बढ्ने उहाँको भनाइ थियो। भेटमा अमेरिकन राजदूत थम्पसनले नेपालको आर्थिक र सामाजिक विकासका लागि अमेरिका सधैं सहकार्य गर्न तयार रहेको बताउनुभयो। उहाँले आगामी दिनमा नेपालको ऊर्जा क्षेत्रको विकासमा थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# सबै तहमा सहुलियत प्रदान गर्दै आएका छौं : मन्त्री अधिकारी



काठमाण्डु । कृषि तथा पशुपछीमन्त्री रामनाथ अधिकारीले सरकारले कृषि क्षेत्रको विकास, संरक्षण र प्रवर्धनका लागि कृषकलाई विभिन्न माध्यम र सङ्घ, प्रदेश र स्थानीय तहबाट सहुलियतपूर्ण सुविधा अनुदान र सेवा प्रदान गर्दै आएको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा मन्त्रालयसम्बन्धी मौखिक प्रश्नको जवाफ दिँदै मन्त्री अधिकारीले नेपालमा ४१ लाख ३० हजार कृषक परिवार रहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो। "नेपाल सरकारले रासायनिक मलको मुल्यमा, सिँचाइको लागि विद्युत महशुलमा, कृषि तथा पशुपछी बीमामा प्रिमियममा, उखु किसानलाई उत्पादनमा, कृषि क्षेत्रमा यान्त्रिकीकरण गर्न मेसिनरी औजारमा, कृषि कर्जाको ब्याजमा, धान, गहुँ र मकैको बीउको मुल्यमा, फलफूल बिरुवा रोपण गर्ने किसानलाई बिरुवाको मुल्यमा, माछा पोखरी निर्माणजस्ता क्षेत्रमा कृषकलाई अनुदान उपलब्ध गराउँदै आएको छ", उहाँले भन्नुभयो।

मन्त्री अधिकारीले पशुपछी खोप, कृत्रिम गर्भाधान, पशुपछीको उपचारमा सहुलियत प्रदान गरेको उल्लेख गर्दै निःशुल्क प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था गर्नुका साथै प्रदेश सरकार र स्थानीय तहले प्रदेश तथा स्थानीय तहको आवश्यकता अनुरुप दूधको उत्पादन, निश्चित सङ्ख्याभन्दा बढी भेडा च्याङ्ग्रा याक पाल्ने कृषकलाई पशुवस्तुको उपचार खर्च, बजार मुल्यमा सहुलियत प्रदान गर्दै आएको जानकारी दिनुभयो।

वार्षिकरुपमा १८ देखि २२ लाख परिवारले अनुदानमा रासायनिक मल प्राप्त गर्ने गरेका तथा करिव एक लाख ५० हजार परिवारले बीमाको प्रिमियममा अनुदान प्राप्त गर्ने गरेका मन्त्री अधिकारीले बताउनुभयो। "करिब ६५ हजार कृषकले उखुमा प्रोत्साहन अनुदान पाएका छन्। सात लाख कृषकले सहुलियत दरमा कृत्रिम गर्भाधान सेवा प्राप्त गर्ने गरेका छन्", उहाँले भन्नुभयो।

सात सय ५३ स्थानीय तह र प्रदेशको जिल्लास्थित कार्यालय र सङ्घका विभिन्न निकायबाट निःशुल्क प्राविधक सेवा प्राप्त गर्ने कृषक परिवारको सङ्ख्या १० लाखभन्दा बढी रहेको उल्लेख गर्दै मन्त्री अधिकारीले कृषि कर्जाको ब्याज अनुदान, विद्युत महशुलमा अनुदान, बीउ विजनको मूल्यमा अनुदानजस्ता अन्य स्थान तथा कार्यालय विषेश, आयोजना विशेषबाट सेवा सुविधा र सहुलियत प्राप्त गर्ने कृषकको संख्या उल्लेख्य रहेको बताउनुभयो। रासस

# देश र जनताका लागि आवश्यक पर्दा जोसिनुपर्छ : प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले देश र जनताका लागि आवश्यक पर्दा जोसिनुपर्ने बताउनुभएको छ। युगकवि सिद्धिचरण श्रेष्ठको एक सय १३औँ जन्मजयन्ती समारोहलाई सोमबार यहाँ सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले युगकविका रचनाले क्रान्तिमा होमिएका युवाहरुको उदाहरण दिँदै देश र जनताका लागि आवश्यक पर्दा युवाहरु जोसिनु स्वाभाविक रहेको बताउनुभएको हो।

"जसरी नेपाल-अङ्ग्रेज युद्धका बेला नेपाली जोसिएका थिए, त्यसरी नै आवश्यक पर्दा कहिलेकाहीँ जोसिनुपर्छ, युवाहरु चम्किनुपर्छ", उहाँले भन्नुभयो। प्रम ओलीले आफू पनि युगकवि सिद्धिचरणबाट वैचारिक र साहित्यिक रुपमा प्रभावित रहेको उल्लेख गर्नुभयो। "उहाँ मेरो पनि गुरु हो, उहाँबाट म अति प्रभावित छु", उहाँले भन्नुभयो, "उहाँले लेख्नुभएको गीतको प्रेरणाबाट धेरै युवाहरु क्रान्तिमा होमिन र सहिद हुन तयार हुनुभयो। गङ्गालाल श्रेष्ठ पनि उहाँकै गीतबाट प्रभावित भई सहिद हुनुभएको प्रसङ्ग आयो। म पनि क्रान्तिमा होमिएको थिएँ।"

युगकविका सिर्जनाबाट धेरै स्रष्टाको सिर्जनामै प्रभाव परेको उहाँको भनाइ थियो। युगकवि सिद्धिचरण प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा युगकवि सिद्धिचरण पुरस्कार प्राडा उषा ठाकुरलाई नगद रु एक लाखसहित प्रदान गरियो। युगकवि सिद्धिचरण युवा पत्रकारिता पुरस्कारबाट नेपाल टेलिभिजनका लागि ओखलढुङ्गा संवाददाता नवराज कार्की नगद रु ४० हजारसहित पुरस्कृत हुनुभयो।

सोही समारोहमा प्रतिष्ठानद्वारा प्रकाशित 'युगकवि सिद्धिचरणका गद्य कविता' र 'विज्ञका दृष्टिमा युगकवि' नामक दुईवटा कृति विमोचन गरिएको छ। विसं १९६९ जेठ ९ गते जन्मनुभएका युगकवि श्रेष्ठको जन्मजयन्ती समारोह जेठ ९ गते गरिँदै आएकामा यस वर्ष उहाँकी सुपुत्रीको निधन भएकाले स्थगित गरी सोमबार सम्पन्न गरिएको हो। कार्यक्रमको अध्यक्षता युगकवि सिद्धिचरण प्रतिष्ठानका अध्यक्ष कवि बैरागी काइँलाले गर्नुभएको थियो। समारोहमा प्रतिष्ठानका संरक्षक रविचरण श्रेष्ठ, प्रधानसेनापति प्रभुराम शर्मालगायत साहित्य र प्राध्यापन क्षेत्रका विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।

कवितामा क्रान्ति शब्द प्रयोग गरेकै कारण तत्कालीन राणा शासकहरुले सिद्धिचरण श्रेष्ठलाई सर्वस्वसहित १८ वर्ष कारावासको सजाय सुनाएको थियो। उहाँ पाँच वर्ष जेल सजायपछि विसं २००२ मा जेलमुक्त हुनुभएको थियो। उहाँका हालसम्म ३९ कृति प्रकाशित भइसकेका छन्। अझै प्रकाशोन्मूख सातवटा कृति रहेको युगकवि सिद्धिचरण प्रतिष्ठानले जनाएको छ।रासस

# प्रतिनिधिसभा: बढ्दो हवाई दुर्घटनासँगै नियामकको भूमिकामाथि प्रश्न



काठमाण्डु। प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा नेपाली आकाशमा हवाई दुर्घटना बढेसँगै नियामक निकायको भूमिकामाथि प्रश्न उठेको छ।

बैठकमा सांसद उदयशमशेर जबराले पछिल्लो छ दशकमा साना ठूला गरी ७२ वटा हवाई दुर्घटना भएकाले नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणको भूमिकामाथि प्रश्न उठेको बताउनुभयो। सो अवधिमा भएका हवाई दुर्घटनामा परी नौ सय ३५ जनाले ज्यान गुमाएका तथ्याङ्क प्रस्तुत गर्दै उहाँले हवाई दुर्घटना न्यूनीकरणमा विशेष योजना ल्याउन र कडाइका साथ कार्यान्वयनमा लैजान सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद रघुजी पन्तले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाधिनताबारे मुलुकका सबै राजनीतिक दल र नागरिकको एउटै आवाज हुनुपर्ने आवश्यकता औंल्याउँदै सार्वभौमसत्ता र भौगोलिक अखण्डता जोगाउने सबालमा सरकार सशक्त रुपमा भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

सांसद अमनलाल मोदीले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको तत्कालीन सरकारले सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायलाई दृढताका साथ अघि बढाएको उल्लेख गर्दै वर्तमान सरकारले सुशासनको अभियानलाई निरन्तरता दिन्छ कि दिँदैन भनेर प्रश्न गर्नुभयो। सांसद रवि लामिछानेले सरकारले अन्य पार्टी र पार्टीका नेतालाई कमजोर देखाउनेतर्फ भन्दा पनि सुशासन, जनतालाई राहत दिने, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता विषयमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद अनिसा नेपालीले विपन्न क्षेत्रका बालबालिका विद्यालय जानबाट वञ्चित हुनुपरेको उल्लेख गर्दै असहाय, अपाङ्गता भएका, अनाथ र जोखिममा रहेका बालबालिकालाई संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो। सांसद रञ्जुकुमारी झाले राजनीतिक दलले एक-अर्काप्रति आरोप प्रत्यारोप नगरी मुलुकका समस्या पहिचान गरी समाधान गर्नुपर्नेमा जोड दिनुभयो। सांसद रेखा यादवले देशका विभिन्न स्थानमा रहेका खोलामा पुल निर्माण गर्ने भनिए पनि निर्माणले पूर्णता पाउन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

"किसानले कहिलेसम्म मल र बीउविजन नपाउने हो, किसानले कहिलेसम्म कृषि सामग्रीको हाहाकार खेपिरहने हो, किसानका लागि आवश्यक सागग्री पनि महँगो बनाइएको छ", उहाँले भन्नुभयो।सांसद रामप्रकाश चौधरीले देशका विभिन्न स्थानमा बढ्दै गएको आपाराधिक क्रियाकलाप नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो। सांसद प्रेम सुवालले देशको सन्तुलित विकास गर्न जिल्ला भित्रमात्रै बसाइँसराइ हुने कानुनी व्यवस्था गर्न आवश्यक रहेको बताउनुभयो। रासस

# दुई प्रस्ताव सर्वसम्मतीले स्वीकृत

काठमाण्डु। राष्ट्रियसभामा उत्पत्ति भएको 'शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचारियोस्' भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको छ। **प्रस्ताव स्वीकृतिभएसागै** सभामुख देवराज घिमिरेले 'शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथि संशोधन हाल्न



चाहनुहुने माननीयले प्रतिनिधिसभा नियमावली २०७९ को नियम एक सय १२ बमोजिम ७२ घन्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा प्रतिनिधसभाको संशोधन दिन सक्नुहुने छ' भन्नुभयो।

राष्ट्रियसभामा उत्पत्ति भएको 'विधायनसम्वन्धी विधेयक, २०८० लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ।रासस


## क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सूचना

**सुवर्ण गाँउपालिका वडा नं. ०२, कवहिगोठ मा श्री सत कबिर प्लाई उधोग को वातावरणीय प्रभाव मूल्यात्तन (EIA) प्रतिवेदन तयारीको लागी क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१५)**

मधेश प्रदेश बारा जिल्ला सत कबिर प्लाई उधोग, सुवर्ण गाँउपालिका वडा नं. ०२, कवहिगोठ द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम | श्री सत कबिर प्लाई उधोग<br>ठेगानाः सुवर्ण गाँउपालिका वडा नं. ०२, कवहिगोठ, बारा<br>इमेलः satkabirplyudyog@gmail.com<br>फोन नं. ९८४५९१३०४५ |
| प्रस्तावकको ब्यहोरा | श्री सत कबिर प्लाई उधोग सुवर्ण गाँउपालिका वडा नं. ०२, को किता नं. ३९२ क्षेत्रफल २-१०-१३ (वि-क-धु) मा संचालन गर्ने कार्य को लागी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी |
| प्रभाव पर्न सक्ने जिल्ला /न.पा./गा.पा | पूर्ब मा सुवर्ण गाँउपालिका वडा नं. ०१, पश्चिम मा सुवर्ण गाँउपालिका वडा नं. ७, उत्तर मा सुवर्ण गाँउपालिका वडा नं. ०५ र दक्षिण मा गाँउपालिका वडा नं. ३ यति चारकिला भित्र |

माथी उल्लेखित प्रस्तावकको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्द्रह) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री सत कबिर प्लाई उधोग<br>ठेगानाः सुवर्ण गाँउपालिका वडा नं. ०२, कवहिगोठ, बारा<br>इमेलः satkabirplyudyog@gmail.com<br>फोन नं. ९८४५९१३०४५ |
| परामर्शदाताको नाम र ठेगाना | नामः सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि.<br>ठेगानाः बिरगंज-१६, पर्सा, नेपाल<br>फोनः ९८५१००६६४३<br>ईमेलः shambhuprasadchaurasiya@gmail.com |



## प्रभु बैंक लिमिटेड शाखा कार्यालय सिरहा, सिरहाका तपसिलमा उेल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतीस) दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०४/१५ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय सिरहा, सिरहा**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/०५/२५ गते मंगलबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय सिरहा, सिरहा**मा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| १ **ऋणी : लाल बहादुर श्रेष्ठ**<br>(ना.प्र.नं. ३७०४६/८६२, जारी मितिः २०५९/०३/११, जारी गर्ने कार्यालय जि.प्र.का.सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला मिर्चिया न.पा. वडा नं. ७<br>(साविक फूलवरीया गा.वि.स. वडा नं. ७)।<br>बाबु : महेन्द्र श्रेष्ठ।<br>बाजे : सगम लाल श्रेष्ठ। | **जमानतकर्ता : कुन्ता कुमारी श्रेष्ठ**<br>(ना.प्र.नं. १५६३७०० जारी मिति २०६१/११/२३ जारी गर्ने कार्यालय जि.प्र.का.सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला मिर्चिया न.पा. वडा नं. ७,<br>(साविक फूलवरीया गा.वि.स. वडा नं. ७)।<br>बाबु : कृष्ण नारायण श्रेष्ठ।<br>पति/ससुरा : लाल वहादुर श्रेष्ठ/महेन्द्र श्रेष्ठ। |
| **ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**<br>ऋणी लाल बाहदुर श्रेष्ठको नाममा मालपोत कार्यालय सिरहा, सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला राजपुर गा.वि.स.वडा नं. ४ नक्सा सिट नं. ४ कित्ता नं. ३००४ क्षेत्रफल ०-३-४-० (विघा) भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...... ....१ | |
| २. **ऋणी : हीरा देवी यादव**<br>(ना.प्र.नं. ७६२८१९२५-९३९३, जारी मिति २०५६/०१/१५, प्रतिलिपि जारी मिति २०७८/०९/०१, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला विष्णुपुर गा.पा. वडा नं. ३<br>(साविक राजपुर गा.बि.स. वडा नं. ७)।<br>बुवा :- शिवनन्दन यादव।<br>पति/ससुरा : कामेश्वर यादव/राम सेवक यादव। | **जमानतकर्ता : राम सेवक यादव**<br>(ना.प्र.नं. ७६२८१६६९ प्रतिलिपि जारी मिति २०६१/०५/०३, जारी गर्ने कार्यालय जि .प्र.का. सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला विष्णुपुर गा.पा. वडा नं. ३<br>(साविक राजपुर गा.बि.स. वडा नं. ९)।<br>बुवा : कारी।<br>बाजे : कलर यादव। |
| **जमानतकर्ता : राम सुनैर यादव**<br>(ना.प्र.नं. ७६२८१६७०/स.सि. २९२ जारी मिति २०४२/११/०५, जारी गर्ने कार्यालय जि.का.सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला विष्णुपुर गा.पा. वडा नं. ३ (साविक राजपुर गा.बि.स. वडा नं. ९)।<br>बाबु : अवधी। पति/ससुरा : राम सेवक यादव/कारी। | **जमानतकर्ताः कामेश्वर यादव**<br>(ना.प्र.नं. २६६९, जारी मिति २०४८/०५/१९, जारी गर्ने कार्यालय जि.का.सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला विष्णुपुर गा.पा. वडा नं. ३<br>(साविक राजपुर गा.बि.स. वडा नं. ९)।<br>बुवा : राम सेवक यादव। बाजे :कारी। |
| **ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**<br>१. ऋणीः हिरा देवी यादवको नाममा मालपोत कार्यालय सिरहा, सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला राजपुर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९क, स्थित कित्ता नं. ३३५४ क्षेत्रफल ०-१-४-० (विघा) भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..................................१<br>२. व्यक्तिगत जमानतकर्ता राम सेवक यादवको नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला राजपुर गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९क स्थित कित्ता नं. ३१७९ क्षेत्रफल ०-२-०-० (विघा) भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........................१ | |
| ३. **ऋणी : निलम देवी मण्डल**<br>(ना.प्र.नं. १५१०८७/८३४ जारी मिति २०६८/०६/२६, जारी गर्ने कार्यालयः जि.प्र.का. सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला सिरहा न.पा. वडा नं. १।<br>बुवा :- राम लखन महतो।<br>पति/ससुरा : राकेश मण्डल/पिताम्बर। | **जमानतकर्ता : राकेश मंडल**<br>(ना.प्र.नं. १५१०८७/२६ जारी मिति २०६४/०१/१७, जारी गर्ने कार्यालय जि .प्र.का. सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला सिरहा न.पा. वडा नं. १।<br>बुवा : पिताम्बर।<br>बाजे : चन्दन मंडल। |
| **जमानतकर्ता : अजित कुमार मण्डल**<br>(ना.प्र.नं. १५१०८७/१३४६ जारी मिति २०६६/१०/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला सिरहा न.पा. वडा नं. १।<br>बुवा :- राकेश मण्डल।<br>बाजे :- पिताम्बर। | **जमानतकर्ताः अमित कुमार मण्डल**<br>(ना.प्र.नं. १५१०८७/३६९ जारी मिति २०६४/०१/१८, जारी गर्ने कार्यालय जि.प्र.का.सिरहा)।<br>ठेगाना : सिरहा जिल्ला सिरहा न.पा. वडा नं. १<br>(साविक सिरहा जिल्ला सिरहा न.पा. वडा नं. १)।<br>बुवा :- राकेश मण्डल। बाजे :- पिताम्बर। |
| **लिलाम विक्री हुने सम्पत्तिको विवरण :**<br>१. ऋणी निलम देवी मण्डलको नाममा मालपोत कार्यालय सिरहा सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला सिरहा मैजा वडा नं. १ कित्ता नं. ७६ र ५० क्षेत्रफल ०-०-१३.५ र ०-०-०.५ (विघा) भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१ | |

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय सिरहा, सिरहामा** समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय सिरहा सिरहामा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# बङ्गलादेशमा विद्यार्थीको अन्तिम चेतावनीलाई प्रशासनद्वारा बेवास्ता

एएफपी

ढाका । बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाको नेतृत्वको सरकारले विदार्थी नेतालाई रिहा गर्ने र आन्दोलनका क्रममा शाहदत प्राप्त गरेका नागरिकका आफन्तसँग माफी माग्ने अन्तिम चेतावनीलाई बेवास्ता गरेपछि आन्दोलनरत बङ्गलादेशी विद्यार्थी समूहले सोमबारका लागि सडक प्रदर्शनको नयाँ आन्दोलनको घोषणा गरेको छ।



एएफपीलाई प्रहरी र अस्पतालबाट प्राप्त नयाँ तथ्याङ्कअनुसार यस महिना निजामती सेवाको भर्नामा आरक्षण (कोटा) प्रणालीको विरोधमा विद्यार्थीहरूले जुलाइमा गरेको प्रदर्शनका क्रममा भएका हिंसात्मक घटनाहरूमा कैयौँ प्रहरी अधिकारीसहित कम्तीमा २०५ जनाको मृत्यु भएको थियो ।यो भिडन्त हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा खराब घटना थियो तर सरकारले सेना परिचालन गरेर, कर्फ्यु लगाएर र देशव्यापी रूपमा इन्टरनेट बन्द गर्दै सम्भावित उथलपुथल हुनबाट रोकेको छ।

सुरुमा विरोध प्रदर्शन गर्ने समूह ‘स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन’का कम्तीमा आधा दर्जन नेतालाई प्रहरीले हिरासतमा लिएपछि हजारौँ विद्यार्थीले उनीहरूको आन्दोलनमा सहभागिता जनाएका थिए । “सरकारले हाम्रो आन्दोलनप्रति पूर्ण असंवेदनशीलता देखाइरहेको छ,” समूहका संयोजक अब्दुल कादरले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

उहाँलेले भन्नुभयो, “हामीले देशभर विरोध र्‍यालीको आह्वान गरेका छौं । हामी बङ्गलादेशका सबै नागरिकलाई हाम्रो मागप्रति ऐक्यबद्धता जनाउन र हाम्रो आन्दोलनमा सहभागी हुन अनुरोध गर्दछौं।”

ि व द्य ा थ ी ’ अगेन्स्ट डिस्क्रिमिनेसनका नेताहरूले आइतबार साँझसम्म प्रहरीले आफ्ना नेताहरूलाई रिहा नगरे एक हप्ता लामो आन्दोलन स्थगनको कार्यक्रमलाई सोमबारदेखि नै जारी राख्ने अन्तिम चेतावनी दिएका थिए।

यस समूहको मागमा हिंसाका लागि हसिनाले सार्वजनिक रूपमा माफी माग्नुपर्ने, उहाँका कैयौँ मन्त्रीहरूलाई बर्खास्त गर्नुपर्ने र अशान्तिको उत्कर्षमा रहेका देशभरका विद्यालय र विश्वविद्यालयहरू पुनः खोल्नुपर्ने पनि समावेश छ ।बङ्गलादेशको दैनिक पत्रिका प्रोथोम आलोका अनुसार अशान्ति सुरु भएयता देशभर कम्तीमा नौ हजार व्यक्तिलाई पक्राउ गरिएको छ।

सैनिकहरूले अझै पनि सहरी क्षेत्रमा गस्ती गरिरहेका छन् र राष्ट्रव्यापी कर्फ्यु जारी छ तर गत हप्ताको सुरुदेखि यसलाई क्रमिक रूपमा खुकुलो पारिएको छ ।बङ्गलादेशमा जारी अशान्तिको चरमोत्कर्षमा रहेको बेला देशव्यापी रूपमा अवरूद्ध गरिएको मोबाइल इन्टरनेट सञ्जाल ११ दिनपछि आइतबार पुनः सञ्चालनमा आएको छ।सबै सरकारी जागिरको आधाभन्दा बढी हिस्सा निश्चित समूहका लागि आरक्षित गर्ने योजना पुनः लागू गरिएको विरोधमा यसै महिना प्रदर्शन सुरु भएको थियो । सरकारी आँकडाअनुसार करिब एक करोड ८० लाख युवा बङ्गलादेशीहरू बेरोजगार रहेको समय आएको यस कदमले गम्भीर रोजगारी सङ्कटको सामना गरिरहेका स्नातकहरूलाई गम्भीररूपमा दुःखी बनाएको छ ।आलोचकहरूका अनुसार यो योजना सत्तारुढ अवामी लिगका वफादारहरूलाई भर्ना गर्न दुरूपयोग गरिएको छ ।सर्वोच्च अदालतले गत हप्ता आरक्षित जागिरको संख्या कटौती गरेको थियो तर कोटा पूर्ण रूपमा खारेज गर्ने प्रदर्शनकारीहरूको मागलाई बेवास्ता गरेको थियो।

सन् २००९ देखि बङ्गलादेशमा शासन गर्दै आएकी ७६ वर्षीया हसिनाले ‘वास्तविक विपक्षी दल’को सहभागिता नभएको गत जनवरीमा भएको चुनावमा लगातार चौथो कार्यकालका लागि अनुमोदित हुनुभएको थियो । उहाँको सरकारमाथि अधिकारवादी समूहहरूले राज्यका संस्थाहरूको दुरुपयोग गरी सत्तामा आफ्नो पकड बलियो बनाउन र विपक्षी कार्यकर्ताहरूको गैरन्यायिक हत्यालगायत असहमतिलाई निस्तेज पार्न प्रयोग गरेको आरोप लगाउँदै आएका छन्।

# ओलम्पिकमा कहिले पनि तोडिन नसक्ने यस्ता रेकर्ड

एजेन्सी । भनिन्छ-कीर्तिमानहरु तोडिनकै लागि बन्दछन् । कुनै खेलाडीले उत्कृष्ट प्रदर्शन गरेमा अन्ततः अर्कोले आएर त्योभन्दा राम्रो प्रदर्शन पनि गर्न सक्छ।

तर विश्व खेलकुदको कुम्भ मेला ओलम्पिकमा केही त्यस्ता कीर्तिमानहरु छन्, जुन अहिलेसम्म तोडिएका छैनन् । भविष्यमा तोडिन पनि सक्छ, नतोडिन पनि सक्छ !हाल फ्रान्समा जारी पेरिस ओलम्पिकमा पनि केही कीर्तिमानहरु बन्दैछन् । तर ओलम्पिकका केही यस्ता कीर्तिमानहरु पनि छन् जुन तोडिने सम्भावना एकदमै न्यून छ वा शून्य नै छ ।यस्ता केही ओलम्पिक कीर्तिमानहरु छन्, जुन सम्भवतः नतोडिन पनि सक्छ।

**सय मिटरमा बोल्टको कीर्तिमान**

जमैकन स्प्रिन्टर उसेन बोल्टले तीन पटक ओलम्पिकमा १०० मिटरमा लगातार स्वर्ण जिते । जुन आफैंमा कीर्तिमान हो ।त्यसमा पनि सन् २०१२ को लण्डन ओलम्पिकमा उनले कीर्तिमान ९.६३ सेकेण्डमा सय मिटर दूरी दौडेका थिए। त्यसअघि कसैले पनि त्यो समयमा दौड पूरा गर्न सकेको थिएन । बोल्टले सन् २००८ को बेइजिङ ओलम्पिकमा आफैंले राखेको ९.६९ सेकेण्डको कीर्तिमान तोडेका थिए।

बोल्टले १०० मिटरमा विश्व कीर्तिमान पनि राखेका छन् । सन् २००९ मा बर्लिनमा भएको वर्ल्ड च्याम्पियनसिपमा उनले सय मिटर दूरी ९.५८ सेकेण्डमा पूरा गर्दै कीर्तिमान बनाएका थिए। बोल्टले १०० मिटरमा ओलम्पिकका शीर्ष दुई समय आफ्नो नाममा लाएका छन् भने विश्व कीर्तिमान पनि बनाए । जुन कीर्तिमान कहिल्यै नतोडिन सक्छ । उनले २०० मिटरमा पनि ओलम्पिक र विश्व कीर्तिमान दुवै बनाएका थिए।

**जिम्न्यास्टिकमा नादियाको १० मा १० अंक**

रोमानिया जिम्न्यास्ट नादिया कोमानेसीले ओलम्पिकमा पाँच स्वर्ण पदक जितेकी छन् । सन् १९७६ मा को मोन्ट्रेल ओलम्पिकमा १४ वर्षीय नादियाले १० मा १० अंक पाएकी थिइन् । यस्तो उपलब्धी हासिल गर्ने उनी पहिलो जिम्न्यास्ट हुन्।

यस्तो सफलता विरलै हुने भएकोले मोन्ट्रेलको डिसप्ले बोर्डमा १.०० देखाइएको थियो किनभने उनीहरु १०.० स्वीकार गर्न तयार थिएनन् । इन्टरनेशनल जिम्न्यास्ट फेडेरेसनले सन् २००६ मा पर्फेक्ट १० लाई हटाएर स्कोरिङ सिस्टमा १०.० राखेको थियो ।अमेरिकन जिम्न्यास्ट म्यारी लोउ रेटोनले सन् १९८४ को लस एन्जलस ओलम्पिकमा फ्लोर एक्सरसाइजमा परफेक्स १० स्कोर गरेका थिए। तर कोमानेसीले १० अंक स्कोर गर्ने पहिलो जिम्न्यास भनेर सधैँ चिनिन्छिन्।

**कान्छो स्वर्ण विजेता**

सन् १९९४ को लिलेहामर विन्टर ओलम्पिकमा दक्षिण कोरियाका स्पिड स्केटर किम युन मिले महिला ३ हजार मिटर लेमा स्वर्ण पदक जितिन् । जतिबेला उनको उमेर १३ वर्ष ८६ दिन मात्र थियो।

ओलम्पिक इतिहासमा किम युनको नाममा सबैभन्दा कान्छो उमेरमा स्वर्ण जित्ने कीर्तिमान छ। जुन कीर्तिमान तोडिन कठिन छ ।अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) ले ओलम्पिक प्रतिस्पर्धामा कुनै उमेर हदवन्दी तोकेको छैन । तर हरेक इन्टरनेसनल स्पोर्ट्स फेडेरेसनले भने उमेरका लागि आफ्नै मापदण्ड बनाएको छ । किम युनको कीर्तिमान स्वर्ण पदक पछि इन्टरनेशनल स्कोटिङ युनियनले कम्तीमा १५ वर्षको उमेर हद राखेको छ।

**१० ओलम्पिकमा सहभागी इयान मिलर**

क्यानडाका इक्वेस्ट्रिन खेलाडी इयान मिलरले ४० वर्षको अवधि (१९७२-२०१२) मा १० ओलम्पिकमा सहभागिता जनाउँदै कीर्तिमान बनाएका थिए । जुन ओलम्पिक इतिहासमा अन्य कुनै पनि खेलाडीको भन्दा धेरै हो।

अष्ट्रियन सेलर हुबर्ट राउडासल, लात्भियाका सुटर अफानासिज कुजमिन्स र पूर्व सोभियन युनियका सुटर निनो सालुकभाङ्ज मिलरको नजिक छन् । उनीहरुले ८ पटक ओलम्पिकमा सहभागिता जनाए। तर दुर्भाग्यवश ती कोही पनि अहिले प्रतिस्पर्धीका रुपमा ओलम्पिकमा छैनन् ।यद्यपि मिलरले १० पटक ओलम्पिक खेल्दा कहिले पनि स्वर्ण पदक जित्न सकेनन् । उनले एक मात्र ओलम्पिक मेडल सन् २००८ को बेइजिङ ओलम्पिकमा रजत पदक जितेका थिए।

**टेबलटेनिसका चिनको दबदबा**

सन् १९८८ को सोल ओलम्पिबाट टेबलटेनिसले ओलम्पिकमा डेब्यु गरेको थियो । त्यसयता चिनले यस खेलमा सम्भव भएको ३७ मध्ये ३२ स्वर्ण पदक जितेको थियो । चिनको नजिक रहेको दक्षिण कोरियाले ३ तथा जापान र स्विडेनले एक एक स्वर्ण जिते ।टेबल टेनिसमा चीनले एकछत्र राज जमाएको थियो । किनकी चीनले २० रजत र ८ कांस्य पनि जितेको थियो। यस्तो प्रभुत्व कुनै पनि खेलमा फेरि देख्न असम्भव जस्तै छ।

**एलादार गेरेभिचको लगातार ६ स्वर्ण**

हंगेरियन फेन्सिङ खेलाडी अलादार गेरेभिचले २४ वर्ष एक छत्र राज गर्दा कसैले चुनौती दिन सकेनन् । उनले सन् १९३२ देखि १९६० सम्म ओलम्पिकमा लगातार स्वर्ण पदक जिते । यस अवधिमा दोस्रो विश्वयुद्धले गर्दा दुई संस्करणको ओलम्पिक रद्ध भएको थियो ।गेरेभिभको सीप, दृढता, स्थिरता र दीर्घायुले उनलाई सर्वकालीन महान फेन्सरको रुपमा चिनियो । उनको नजिक पुगेका सेवानिवृत्त ब्रिटिश रोवर सर स्टिभ रेडग्रेभले सन् १९८४ देखि २००० सम्म लगातार पाँच ओलम्पिक स्वर्ण पदक जितेका थिए।

**१९०४ को ओलम्पिकमा अमेरिकाको २३९ पदक**

अमेरिकाले सन् २०१६ को रियव ओलम्पिकमा इतिहास बनायो। सन् १८९६ मा आधुनिक ओलम्पिक सुरु भएयता अमेरिका एक हजार स्वर्ण पदक जित्ने पहिलो राष्ट्र बन्यो । पेरिस ओलम्पिकमा आउनुअघिसम्म अमेरिकाले कूल १ हजार १८३ स्वर्ण र २ हजार ९८५ पदक जितिसकेको छ।

उसको नजिक रहेको सोभियन युनियर र रसियन फेडेरेसन जोड्दा ४७३ स्वर्ण जितेको छ भने समग्रमा १ हजार २०४ स्वर्ण छ ।यस्तै एकै ओलम्पिक अमेरिकाले जितेको पदकको संख्या ब्रेक गर्न कठिन जस्तै छ। अमेरिकाले सन् १९०४ को सेन्ट लुइस ओलम्पिकमा ७८ स्वर्ण, ८२ रजत र ७९ कांस्य गरी कूल २३९ पदक जितेको थियो। अमेरिकाले त्यस संस्करणमा उपलब्ध भएका मध्ये ८५ प्रतिशत पदक जितेको थियो।

**माइकल फेल्प्सको २३ स्वर्ण र २८ पदक**

मेरिकन पौडीबाट माइकल फेल्प्सले आफ्नो ओलम्पिक करियरमा २३ स्वर्ण पदक जिते । उनले अन्तिम पटक २०१६ को रियो ओलम्पिकमा प्रतिस्पर्धा गरेका थिए।


फेल्प्सले सन् २००८ को बेइजिङ ओलम्पिकमा एकै संस्करणमा ८ स्वर्ण जित्ने पौडीबाजको कीर्तिमान बनाएका थिए । फेल्प्सले आफूले ओलम्पिकमा सहभागिता जनाएको इभेन्ट मध्ये ८० प्रतिशतभन्दा बढी इभेन्ट जितेकाछन्।यस्तै उनले ओलम्पिक करियरमा २८ पदक जितेका छन् । जुन अर्को कीर्तिमान हो । फेल्प्सअघि सोभियत युनियनका जिम्न्यास्ट रिसा लातिनिनाले सन् १९५६ देखि १९६४ सम्म ९ स्वर्णसहित १८ पदक जितेका थिए ।फेल्प्सको वर्चस्व अतुलनीय छ र सम्भवतः कुनै पनि अन्य ओलम्पियनबाट यो कीर्तिमान तोडिन सक्ने छैन।

> मेरिकन पौडीबाट माइकल फेल्प्सले आफ्नो ओलम्पिक करियरमा २३ स्वर्ण पदक जिते । उनले अन्तिम पटक २०१६ को रियो ओलम्पिकमा प्रतिस्पर्धा गरेका थिए ।

# ‘विश्वव्यापी अस्थिरता व्यवस्थापनमा चीन महत्वपूर्ण मध्यस्थकर्ता’

एएफपी

बेइजिङ । विश्वव्यापी तनाव व्यवस्थापनमा चीन ‘ महत्वपूर्ण मध्यस्थकर्ता’ भएको इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले सोमबार चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटवार्तामा बताउनुभएको छ।



गत वर्षको अन्त्यमा बेइजिङको विशाल बेल्ट एण्ड रोड इनिसिएटिभबाट आफ्नो देशको बहिर्गमनका कारण चिसिएको सम्बन्धलाई ‘पुनः सुरु’ गर्ने प्रतिबद्धता व्यक्त गर्दै मेलोनी करिब दुई वर्षअघि कार्यभार सम्हालेयता पहिलो पटक चीन भ्रमणका शिलशिलामा बेइजिङमा हुनुहुन्छ । बेइजिङको दियाओयुताई स्टेट गेस्टहाउसमा सोमबार इटालीका प्रधानमन्त्री मेलोनीले सीसँग वार्ता गर्नुभएको हो।

“अन्तर्राष्ट्रिय स्तरमा असुरक्षा बढिरहेको छ र मलाई लाग्छ कि यी सबै गतिशीलतालाई सम्बोधन गर्न चीन अनिवार्य रूपमा एक महत्वपूर्ण मध्यस्थ वार्ताकार हो,” उहाँले सीसँग भन्नुभयो । उक्त अवसरमा स्थिरताको प्रत्याभूति कसरी गर्ने, शान्तिको प्रत्याभूति कसरी गर्ने भन्ने विषयमा दुई देशले मिलेर सोच्नुपर्ने उहाँले बताउनुभयो। उहाँले चिनियाँ राष्ट्रपति सीसँग भन्नुभयो,“सबैभन्दा ठूलो कुरा हामीलाई स्थिर रहनका लागि हामीले काम गर्ने नियमको प्रणाली आवश्यक छ।”

सो अवसरमा चिनियाँ राष्ट्रपति सीले बेइजिङ र रोमबीचको ‘ लामो समयदेखि स्थापित मैत्रीपूर्ण’ सम्बन्धको प्रशंसा गर्नुभयो । “दुवै पक्षले सहिष्णुता, पारस्परिक विश्वास र पारस्परिक सम्मान कायम राखेका छन् र प्रत्येकले आ-आफ्नो विकासको बाटो रोज्छन्,” उहाँले भन्नुभयो ।चिनियाँ प्रधानमन्त्री ली कियाङसँग आइतबार भएको भेटमा मेलोनीले आफ्नो भ्रमणले द्विपक्षीय सहयोगलाई पुनः स्थापित गर्ने बताउनुभएको थियो । नेता द्वयले एक द्विपक्षीय कार्य योजनामा हस्ताक्षर गर्दै ‘व्यापारिक सम्बन्ध सन्तुलित र पारस्परिक लाभकारी छ भन्ने सुनिश्चित गर्नुपर्ने’ मा जोड दिनुभएको थियो।

दस्तावेजका अनुसार यसको अर्थ ‘कम्पनीहरूले निष्पक्ष प्रतिस्पर्धा र स्वतन्त्र व्यापारको भावनामा समान सर्तमा काम गर्न सक्दछन्।”वार्ताका क्रममा लीले इटालीसँगको सम्बन्धलाई थप परिपक्व र स्थिर दिशामा अघि बढाउन बेइजिङ इच्छुक रहेको बताउनुभएको थियो। मेलोनीको प्रशासनले गत डिसेम्बरमा चीनको ‘बेल्ट एण्ड रोड इनिसिएटिभ’बाट हात झिकेको थियो ।पदभार ग्रहण गर्नुअघि मेलोनीले विदेशमा चीनको प्रभाव विस्तार गर्ने सीको प्रयासको मुख्य खम्बाका रूपमा रहेको यस पहलमा सामेल हुनु ‘गल्ती’ भएको बताउनुभएको थियो।

बेल्ट एण्ड रोडमा सामेल भएपछि इटालीले चीनसँग गरेको गैर-बाध्यकारी समझदारीपत्रमा रसद, पूर्वाधार, वित्त र वातावरणमा सहयोगका लागि व्यापक प्रतिबद्धता समावेश गरिएको थियो । तर, विवरणहरू दुर्लभ थिए र पारदर्शिताको अभावले इटालीका सहयोगीहरूबीच अविश्वास बढाएको थियो ।मेलोनीको प्रशासनले संयुक्त राज्य अमेरिकापछि इटालीको दोस्रो ठूलो गैर-ईयू व्यापारिक साझेदार चीनसँग सम्बन्ध सुधार्ने प्रयास गरेको छ।

# सन् २०२३ मा दक्षिण कोरियाको कुल जनसंख्यामा वृद्धि

एएफपी

सियोल ।सन् २०२३ मा विदेशी नागरिकको दक्षिण कोरिया प्रवेशमा दोहोरो अङ्कको वृद्धिका कारण दक्षिण कोरियाको कुल जनसंख्यामा सुधार देखिएको यहाँको तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । सन् २०२३ को जनगणनाअनुसार गत वर्षको नोभेम्बर १ मा कुल जनसंख्या ०.२ प्रतिशत अर्थात् ८२ हजार थपिएर पाँच करोड १७ लाख ७५ हजार पुगेको छ।



कम्तीमा तीन महिना दक्षिण कोरिया बसेका विदेशी नागरिकको संख्या १०.४ प्रतिशतले बढेर १९ लाख ३५ हजार पुगेको छ।

कोभिड-१९ को महामारीपछि सरकारले विदेशीका लागि कामका लागि भिसा कार्यक्रम विस्तार गरेपछि गत वर्ष दक्षिण कोरियामा धेरै विदेशी आएका थिए ।गत वर्ष वृद्ध जनसंख्याका कारण न्यून जन्मदर भएको र स्थानीय बासिन्दाको संख्यामा ०.२ प्रतिशतले घटेर चार करोड ९८ लाख ३९ हजारमा झरेको थियो।

आवासको उच्च मूल्य र हठी बेरोजगारीजस्ता आर्थिक कठिनाइका कारण युवा दम्पतीले बच्चा जन्माउन ढिला सुस्ती गर्ने वा बच्चा जन्माउन छोड्ने गरेका कारण दक्षिण कोरियाले लामो समयदेखि कम जन्मदरको समस्यासँग जुधिरहेको छ। सन् २०२३ मा १५ देखि ६४ वर्ष उमेर समूहका कामकाजी उमेर समूहको जनसंख्या ०.४ प्रतिशतले घटेर तीन करोड ६५ लाख ४६ हजार मा झरेको छ र यो जुन कुल जनसंख्याको ७०.६ प्रतिशत हो।

सन् २०१८ देखि काम गर्ने उमेर समूहको जनसंख्याको अनुपात निरन्तर घट्दै गएको छ।

# पाकिस्तानको आदिवासी द्वन्द्वमा ४२ जनाको मृत्यु

एएफपी

पाकिस्तान । उत्तर पश्चिमी पाकिस्तानमा आदिवासी जनजातिहरू बिचको भूमि विवादको द्वन्द्वमा कम्तिमा ४२ जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन्।



पाकिस्तानमा आन्तरिक द्वन्द्व चलिरहेको अवस्थामा खैबर पख्तुनख्वाको पहाडी उत्तरपश्चिमी क्षेत्रको द्वन्द्व लामो र हिंसात्मक हुन सक्ने उनीहरूले बताएका छन् । अधिकारीका अनुसार सुन्नी मुस्लिम मदागी र शिया माली खेल जनजातिहरू यस क्षेत्रमा बुधबारदेखि लडिरहेका छन्। बन्दुकधारीले कृषि भूमिको विवादमा गोली हानेको स्थानीय प्रहरी अधिकारी मुर्तजा हुसेनले जानकारी दिनुभयो।

आक्रमणको जानकारी दिँदै अफगानिस्तानको सिमावर्ती जिल्ला कुर्रम छेउछाउका बासिन्दाबीच लामो समयदेखि धार्मिक तनाव बढिरेको जनाउनुभएको छ । सरकारले कुर्रम आदिवासी जिल्लामा युद्धविराम गरेपछि पनि गोलीबारी पुनः भएको खैबर पख्तुनख्वाको प्रान्तीय आन्तरिक मन्त्रालयका एक वरिष्ठ अधिकारीले नाम नबताउने सर्तमा जानकारी गराए।

स्थानीय प्रहरीका अनुसार बुधबारदेखिको द्वन्द्वमा ४२ जनाको मृत्यु हुनुका साथै १८३ जना घाइते भएका छन् । पाकिस्तानको मानव अधिकार आयोगले द्वन्द्वले सर्वसाधारणमा क्षति पुर्‍याउनुका साथै आवागमन अवरुद्ध भएको जनाएको छ ।पाकिस्तानमा लामो समयदेखि सुन्नी र सिया समुदायबीच गहिरो असमानजस्यता कायम रहेको छ। कुर्रम पूर्व आदिवासी क्षेत्रको हिस्सा हो, जुन सन् २०१८ मा खैबर पख्तुनख्वा प्रान्तमा गाबिएको थियो।

# भेनेजुएला : मडुरो राष्ट्रपतिको चौथो कार्यकालका लागि अनुमोदित

एएफपी

काराकस ।भेनेजुएलाको राष्ट्रपति चुनावमा निकोलस मडुरो चौथो कार्यकालका लागि विजयी घोषित हुनुभएको छ।

मडुरोले ५१.२ प्रतिशत मत प्राप्त गरी विजयी हुनुभएको र विपक्षी उम्मेदवार एडमुन्डो गोन्जालेज उरुटियाले ४४.२ प्रतिशत मत प्राप्त गर्नुभएको निर्वाचन परिषद्ले जनाएको छ।



विपक्षी र क्षेत्रीय छिमेकी केही मुलुकले तत्काल आधिकारिक नतिजालाई अमान्य बताएका छन् । निर्वाचन परिषद्बाट मतपरिणामको घोषणापछि राष्ट्रपति मडुरोले राष्ट्रपति भवनमा समर्थकहरूलाई सम्बोधन गर्नुभएको छ। सम्बोधनमा उहाँले भन्नुभयो, “भेनेजुएला र विश्वका जनतासामु बोलिभारियाली गणतन्त्र भेनेजुएलाको पुनः निर्वाचित राष्ट्रपतिमा म निर्वाचित भएको छु। मेरो आगामी जिम्मेवारी देशमा शान्ति, स्थायित्व र न्यायका लागि हुनेछ । सबैले शान्ति र सुव्यवस्थाको सम्मान गरौं।”

तर भेनेजुएलाको विपक्षी गठबन्धनले निर्वाचन परिषद् तथ्याङ्क (मत परिणाम) लाई अस्वीकार गर्दै आफूले ७० प्रतिशत मत प्राप्त गरेको दाबी गरेको छ।“हामी भेनेजुएला र विश्व समुदायलाई भेनेजुएलाको नयाँ राष्ट्रपतिमा डमुन्डो गोन्जालेज उरुटिया निर्वाचित भएको जानकारी गराउन चाहन्छौं,” विपक्षी नेता मारिया कोरिना माचाडोले पत्रकार सम्मेलन गरी बताउनुभयो । उहाँले चुनावमा आफ्नो दलले बृहत् समर्थनसहित निर्वाचित बनेको दावी गर्नुभयो।

कोस्टारिकाका राष्ट्रपति रोड्रिगो चाभेजले नतिजालाई ‘कपटपूर्ण’ भन्दै निर्वाचनको आधिकारिकतामाथि प्रश्न उठाउनुभएको छ भने चिलीका राष्ट्रपतिले परिणामलाई ‘ विश्वास गर्न’ कठिन भनी प्रतिक्रिया दिनुभएको छ । पेरुले मतपरिणामबारे परामर्शका लागि आफ्ना राजदूतलाई फिर्ता बोलाएको बताएको छ ।अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भेनेजुएलाको निर्वाचन परिणामले भेनेजुएलाका मतदाताको इच्छालाई प्रतिबिम्बित नगरेको भन्दै मतपरिणामप्रति अविश्वास प्रकट गर्नुभएको छ।

# सुक्खा क्षेत्रमा सौर्य ऊर्जामार्फत सिँचाइ



डुम्रे । जिल्लाको देवघाट गाउँपालिका-२बेसारघारीमा ३५ हेक्टर क्षेत्रफलमा अहिले सिँचाइ पुगेको छ । आकाशे पानीको भरमा यहाँका सुन्तलाखेती गर्दै आएका यहाँका किसान अहिले सौर्य ऊर्जामार्फत सिँचाइ सुविधा पाउँदा उत्साहित भएका छन् । भिरालो र सुक्खा क्षेत्रमा सिँचाइको अभावमा समस्या भेल्दै आएका किसानलाई सौर्य ऊर्जामार्फत सिँचाइ पुगेपछि सहज भएको हो ।

एक सय चार मिटर उचाइमा रहेका सुन्तलाबारीमा लिफ्टिङ प्रविधिबाट सिँचाइका सुविधा पुगेपछि खेती गर्न सहज भएको किसान तिलबहादुर थापाले बताउनुभयो । बेसारघारी सिँचाइ आयोजनाअन्तर्गत उपभोक्ता समितिका अध्यक्षसमेत रहनुभएका थापाले भन्नुभयो, "यहाँका बासिन्दालाई सिँचाइमा समस्या थियो । हामीले आकाशे पानीको भरमा परम्परागत विधिबाट खेती गर्दै आएका थियौँ । सोलार प्रविधिबाट पानी तानेर अहिले सहज रुपमा सिँचाइ गर्न पाएका छौँ ।"

सहज सिँचाइ सुविधा पाएपछि अहिले व्यावसायिक रुपमा सुन्तलासँगै अन्य खेतीतर्फ जोडिँदै गएको थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "केही फाइदा र बेफाइदा हुने रहेछ । पानीको मुहान सुक्दा समस्या हुन्छ । पहिलेभन्दा सहज भएको छ । सिँचाइका लागि मुहानमा पर्याप्त पानी आवश्यक पर्दछ ।"देवघाट-२ बेसारघारीमा सौर्य ऊर्जाका माध्यमबाट पानी लिफ्टिङ गरी सिँचाइको व्यवस्था गरिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय तनहुँका सूचना अधिकारी इन्जिनियर जगन्नाथ चापागाईंले जानकारी दिनुभयो । उहाँका अनुसार रु एक करोड २१ लाखको लागतमा बेसारघारी लिफ्टिङ योजना निर्माण गरिएको हो ।

बन्दीपुर गाउँपालिका-३ मा कोल्पाटा सिँचाइ आयोजनामार्फत १२ हेक्टर क्षेत्रफलमा सिँचाइ पुऱ्याइएको छ । रु ५१ लाख ८७ हजारको लागतमा उक्त आयोजना निर्माण भएको सूचना अधिकारी चापागाईंले बताउनुभयो । व्यास नगरपालिका-६ चापाटारस्थित याङ्दी खोला सिँचाइ योजनामार्फत रु ५७ लाख २२ हजारको लागतमा सिँचाइ सुविधा पुऱ्याइएको छ । यसले १५ हेक्टर क्षेत्रफलमध्ये १२ हेक्टरमा सिँचाइ हुने उहाँले जानकारी दिनुभयो ।

भानु नगरपालिका-१० स्थित पदेलफाँट लुइँटेलफाँट सिँचाइ आयोजना निर्माणाधीन छ । यसले १२ हेक्टर क्षेत्रफलमा सिँचाइ पुग्ने कार्यालयले जनाएको छ । उक्त आयोजना रु ६५ लाख ८० हजारमा निर्माण भइरहेको छ । आर्थिक वर्ष २०७९/८० मा शुक्लागण्डकी नगरपालिका-१० स्थित लोग्दीटारमा स्थानीय क्याङ्दी खोलाबाट लिफ्ट प्रविधिबाट सिँचाइको सुविधा उपलब्ध गराइएको थियो । क्याङ्दी खोलामा सम्पवेल निर्माण गरी ७० मिटर उचाइमा लिफ्टमार्फत पानी तानेर दुईवटा ट्याङ्कीमा पानी सङ्कलन गरिएको सूचना अधिकारी चापागाईंले उल्लेख गर्नुभयो ।

"ट्याङ्कीमा सङ्कलित पानी करिब चार किलोमिटर क्षेत्रफलमा पाइप बिछ्याएर प्लट-प्लटमा धारा जडान गरिएको छ । उक्त धाराबाट करिब एक महिनादेखि पानी वितरण गरी सिँचाइ भइरहेको छ", उहाँले भन्नुभयो ।

गण्डकी प्रदेश सरकारको करिब रु एक करोड २९ लाखको लागतमा निर्माण गरिएको लोग्दीटार लिफ्ट सिँचाइ आयोजनाबाट करिब तीन सय उपभोक्ता लाभान्वित भएका छन् । यस्तै, सिस्नेरी ठूलोफाँट लिफ्ट सिँचाइ आयोजनाबाट १२ हेक्टर क्षेत्रफलमा सुविधा पुगेको छ । आयोजना निर्माण भएपछि यहाँ हिउँदमा पनि हरियो सागसब्जी र तरकारी खेती गर्न पर्याप्त सिँचाइ उपलब्ध भएको छ । यस आयोजना विसं २०७५ देखि सुरु भएकामा हाल सम्पन्न भई सञ्चालनमा आएको सूचना अधिकारी चापागाईंले जानकारी दिनुभयो ।

सुक्खा जमिनमा सिँचाइका लागि पानी पर्याप्त भएसँगै किसानले तरकारीखेतीसँगसँगै धानखेती पनि गर्दै आएका छन् । यहाँका किसानले अहिले गहुँ, धान, मकै, काउली, बन्द, तोरीलगायत खेती गरिरहेका छन् । सतहमा पानी भएका स्थानमा कुलो, नहरबाट र सतहमा पानी नभएका स्थानमा सोलार लिफ्टमार्फत सिँचाइको सुविधा उपलब्ध गराउन योजनाबद्ध काम थालिएको कार्यालयका डिभिजन प्रमुख प्रकाश लम्सालले बताउनुभयो । उहाँका अनुसार कार्यालयले अहिले शुक्लागण्डकी र भिमाद नगरपालिका, बन्दीपुर र देवघाट गाउँपालिकामा सोलर लिफ्ट सिँचाइ आयोजना सम्पन्न गरी सञ्चालनमा ल्याइसकेको छ ।

"लोकेतीटारमा २३, सिस्नेरीमा २७ र बेसारघारीमा ३२ वटा धारा निर्माण गरी सिँचाइको व्यवस्था मिलाएका छौँ", प्रमुख लम्सालले भन्नुभयो, "सोलार लिफ्टको माध्यमबाट लोम्दीटारमा करिब चार सय ६० रोपनी, सिस्नेरीमा करिब तीन सय रोपनी र बेसारघारीमा छ सय रोपनी क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध भएको छ ।" सिस्नेरी फाँटमा जमिनभन्दा ७० मिटर गहिराइमा खनिएको बोरिडबाट पानी लिफ्ट गरी ट्याङ्कीमा सङ्कलन गरी वितरण गरिएको छ । उक्त आयोजनाअन्तर्गत तीन किमी क्षेत्रफलमा पाइप बिछ्याइएको छ । बेसारघारीमा स्थानीय खोलामा पोखरी बनाएर पानी जम्मा गरी एक सय चार मिटर उचाइमा सौर्य ऊर्जाको माध्यमबाट पानी लिफ्टिङ गरिएको कार्यालयले जनाएको छ ।

सुक्खा क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराई व्यावसायिक कृषि पेसामा आबद्ध किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले सौर्य ऊर्जा लिफ्टिङ प्रविधिको प्रयोग गरी यी योजना सञ्चालनमा ल्याइएको डिभिजन कार्यालयका डिभिजन प्रमुख लम्सालले बताउनुभयो । उहाँले भन्नुभयो, "पानीको स्रोतभन्दा सिँचाइको सुविधा पुऱ्याउनुपर्ने क्षेत्र अग्लो स्थानमा भएकाले विद्युतीयमाध्यमबाट सिँचाइ पुऱ्याएका छौँ । विद्युत् महसुलले किसान मारमा पर्नसक्ने सम्भाव्यतालाई अध्ययन गरी सहज सोलार प्रविधिको उपयोगी गरिएको छ ।"

प्रदेश सरकारबाट सिँचाइका लागि कूल रु पाँच करोड ४१ लाख बजेट विनियोजन भएको छ । गत आवमा दुई सिँचाइ योजना सम्पन्न भएका प्रमुख लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्घ ससर्ततर्फ रु एक करोड ८५ लाख बजेट विनियोजन भएको थियो ।रासस

# लघुवित्तको सेवा शुल्क घट्यो

काठमाण्डु । लघुवित्त संस्थाहरुले कर्जा प्रवाह गर्दा लिन पाउने सेवा शुल्कको सीमा घटाएका छन् । नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन, २०७९ लाई संशोधन गर्दै सेवा शुल्क घटाइएको हो ।

"कर्जा प्रवाह गर्दा स्वीकृत कर्जा रकमबाट तोकिएको सेवा शुल्क बाहेक अन्य कुनै प्रकारको रकम कट्टा गरी बचतको रुपमा राख्न पाइने छैन", एकीकृत निर्देशनको संशोधनमा भनिएको छ, "कर्जा प्रवाह गर्दा संस्थाले स्वीकृत कर्जामा एक दशमलव तीन प्रतिशतसम्म सेवा शुल्क लिन सक्नेछन् ।

एक वर्षभन्दा कम अवधिका लागि कर्जा प्रवाह गरेको अवस्थामा वार्षिक एक दशमलव तीन प्रतिशतमा नबढ्ने गरी कर्जा अवधिको आधारमा सो दरको दामासाही हिसाबले मात्र सेवा शुल्क लिन सक्नेछन् ।" यसअघि कर्जा प्रवाह गर्दा लघुवित्त संस्थाले स्वीकृत कर्जामा एक दशमलव पाँच प्रतिशतसम्म सेवा शुल्क लिन पाउने व्यवस्था थियो ।

बिनाधितो सामूहिक जमानीमा यसअघि एउटा लघुवित्त संस्थाबाट मात्रै ऋण उपलब्ध हुने गरेकामा अब यस्तो कर्जा दुई वटासम्म लघुवित्त संस्थाबाट लिन पाइने भएको छ ।

"बिना धितो सामूहिक जमानीमा वा धितोको सुरक्षणमा लघुकर्जा प्रदान गर्दा यस व्यवस्था बमोजिमको कर्जा सीमा ननाघ्ने गरी एउटा ऋणीलाई अधिकतम दुई वटा लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्न सक्नेछन्", एकीकृत निर्देशिकामा भनिएको छ ।

वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीबाट कर्जा लिएका ऋणी भने लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन योग्य हुने छैनन् ।

विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामूहिक जमानीमा लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रतिसमूह सदस्य बढीमा रु पाँच लाखसम्म लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ ।

विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका



समूह सदस्यको हकमा भने रु सात लाख सीमा कायम गरिएको छ । पारिवारिक जमानीमा प्रतिपरिवार रु २५ हजारसम्मको कर्जा मात्र प्रवाह गर्न सक्ने गरी नयाँ व्यवस्था राष्ट्र बैंकले ल्याएको छ ।

एकीकृत निर्देशिकामार्फत् ग्राहक संरक्षण कोषसम्बन्धी व्यवस्थामा पनि परिमार्जन गरिएको छ । यसअघि खुद मुनाफाको एक प्रतिशत रकम र वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा सोभन्दा माथि प्रस्तावित लाभांशको ३५ प्रतिशतले हुने रकम ग्राहक संरक्षण कोषमा राख्नुपर्ने व्यवस्था थियो ।

नयाँ व्यवस्थाअनुसार सम्बन्धित आर्थिक वर्षको खुद मुनाफाको २०८२ असारसम्ममा एक दशमलव पाँच, २०८३ असारसम्ममा दुई र २०८४ असारसम्ममा तीन प्रतिशतले हुने रकम ग्राहक संरक्षण कोषमा राख्नुपर्नेछ । पन्ध्र प्रतिशतभन्दा बढी लाभांशको ३५ प्रतिशत रकम राख्नुपर्ने व्यवस्था भने यथावत छ । सबै लघुवित्त संस्थालाई कम्तीमा एक वर्षमा सबै शाखा कार्यालयको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्न पनि राष्ट्र बैंकले निर्देशन दिएको छ ।

**लघुवित्तका ऋणीहरुलाई कालोसूचीमा** राख्न सकिनेसम्बन्धी व्यवस्थामा पनि परिमार्जन भएको छ । लघुवित्त वित्तीय संस्थाले परिस्थितिवश ऋण नतिर्ने ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरेको भए पनि यदि केही समय प्रदान गरेमा ऋणीले प्रयास गरी छोटो अवधिमा ऋण चुक्ता गर्छ भन्ने संस्थालाई लागेमा छ महिनाका लागि कालोसूचीबाट हटाउने व्यवस्था गर्न सक्नेछ । छ महिनाभित्र ऋण चुक्ता नगरेमा अनिवार्यरुपमा कालोसूचीमा समावेश गर्न केन्द्रलाई सिफारिस गर्नुपर्नेछ ।

लघुवित्त वित्तीय संस्थाबाट ऋण लिई नतिर्ने ऋणीलाई वर्गीकरण गर्नुपर्नेछ ।

लघुवित्त संस्थाका कर्मचारीको छनोट, सरुवा, बढुवा, पदस्थापन तथा मुल्याङ्कनसम्बन्धी नयाँ व्यवस्था एकीकृत निर्देशनमार्फत ल्याइएको छ ।

"शाखा व्यवस्थापक वा सोभन्दा माथिको कर्मचारी भर्ना गर्दा उक्त कर्मचारीको विगतको पृष्ठभूमि विश्लेषण गरेर मात्र नियुक्त गर्नुपर्ने तथा निश्चित तालिम एवं कार्य अनुभवका आधारमा मात्र पदोन्नति र जिम्मेवारी दिनुपर्नेछ", निर्देशिकामा भनिएको छ ।

'नो योर इम्प्लोई'को प्रयोगसम्बन्धी व्यवस्था गर्नुपर्ने, कर्मचारीको छनोट, सरुवा, बढुवा तथापदस्थापनगर्दातालिमलगायत सम्बन्धित विषयमा विशेष ज्ञानसम्बन्धी प्रमाणपत्र (सर्टिफिकेशन कोर्स) लिएको भए त्यस्तो विशेष योग्यतासमेतलाई आधारका रुपमा लिनुपर्ने, व्यवस्थापकीय तहका कर्मचारीलाई स्पष्ट कार्यविवरण उपलब्ध गराउनुपर्ने, सोको मूल्याङ्कन समयसमयमा गर्नुपर्नेलगायत व्यवस्था निर्देशिकामा राखिएका छन् ।रासस

# वन्यजन्तुबाट पीडित चार सय ५७ किसानलाई क्षतिपूर्ति

राँझा । बाँके राष्ट्रिय निकुञ्जले वन्यजन्तुबाट पीडित मध्यवर्ती क्षेत्रका चार सय ५७ किसानलाई क्षतिपूर्ति वितरण गरेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा एक वर्षको अवधिमा पशु धन क्षति भएका चार सय ५७ किसानलाई रु ३० लाख १८ हजार चार सय १० क्षतिपूर्ति वितरण गरिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोजकुमार शाहले बताउनुभयो । उहाँका अनुसार एक वर्षको अवधिमा बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा चितुवा आक्रमणबाट सामान्य घाइते भएका दुई सर्वसाधारणलाई रु एक लाख २३ हजार आठ सय १० क्षतिपूर्तिबापत उपलब्ध गराइएको छ । यसैगरी, पशुधन क्षतिका एक सय ८१ घटनामा रु १८ लाख २५ हजार तीन सय र अन्नबाली क्षतिका दुई सय ७२ घटनामा रु १० लाख ६९ हजार तीन सय क्षतिपूर्ति वितरण गरिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत शाहले बताउनुभयो ।

बाँके राष्ट्रिय निकुञ्जले अघिल्लो आर्थिक वर्षमा तीन सय ६४ वन्यजन्तुबाट पीडित सर्वसाधारणलाई क्षतिपूर्ति प्रदान गरेको थियो । चितुवाको आक्रमणबाट तीन सख्त घाइते र एक सामान्य घाइतेलाई रु चार लाख ८९ हजार, पशुधन क्षतिका ६८ घटनामा रु छ लाख ९६ हजार चार सय ५० र अन्नबाली क्षतिका दुई सय ९२ घटनामा रु १२ लाख ४१ हजार दुई सय ५० क्षतिपूर्ति वितरण गरिएको थियो । रासस


## लक्ष्मीनियाँ गाउँपालिका
## लक्ष्मीनियाँ बजार, धनुषा
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१५

यस नगरपालिकाको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ११ घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ११ बस्ने श्री असर्फि साहको नाती श्री बौएलाल साहको छोरा वर्ष ५९ को श्री लक्ष्मण साहको मिति २०८१/०२/२८ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४२०३४० मा भएको रकम भुक्तानी पाउँ भनि निज मृतकको पत्नी श्रीमती सुमन देवी कलवारले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६१



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०८१/०४/१५

यस बैंकको शाखा कार्यालय, भानुचौक, जनकपुरबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणीको नाम र ठेगाना**

बेचन साहको बुहारी, राम वरण महासेठको छोरी, नरेश कुमार साहको श्रीमती, तुलसियाही जब्दी गा.वि.स/उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला मुखियापट्टी मुसरनिया गा.पा. वडा नं. ०३, बस्ने **अमिरकला देवी** ( ना.प्र.नं. १७१०७३/१०५, जारी मिति २०६६/०२/२१, जिल्ला धनुषा)

**जमानीकर्ताको नाम र ठेगाना**

लक्ष्मी साहको नाती, बेचन साहको छोरा, अमिरकला देवीको श्रीमान तुलसियाही जब्दी गा.वि.स/उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला मुखियापट्टी मुसरनिया गा.पा. वडा नं. ०३, बस्ने **नरेश कुमार साह** ( ना.प्र.नं. ९८२१२५१४, जारी मिति २०५८/०१/२५, प्रथम प्रतिलिपी मिति २०७४/०८/०६, जिल्ला धनुषा)

**२. ऋणीहरुको नाम र ठेगाना**

१. सुवंशी साह तेलीको नाती, चौधरी साह तेलीको छोरा, कुमारी देवी तेलीनकी श्रीमान, ननुपट्टी गा.वि.स/उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला शहिदनगर न.पा. वडा नं. ०४, बस्ने **सिताराम साह तेली** (ना.प्र.नं. ६२०२०४७२, जारी मिति २०४०/०४/१२, प्रथम प्रतिलिपी मिति २०६३/११/०२, जिल्ला धनुषा)
२. चौधरी साह तेलीको नाती, सिताराम साह तेलीको छोरा, ननुपट्टी गा.वि.स/उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला शहिदनगर न.पा. वडा नं.०४, बस्ने **प्रदीप कुमार साह** ( ना.प्र.नं. १७३०३७/११३, जारी मिति २०६३/११/२९ प्रथम प्रतिलिपी मिति २०७०/०४/०८, जिल्ला धनुषा)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. चौधरी साह तेलीको नाती, सिताराम साह तेलीको छोरा, ननुपट्टी गा.वि.स/उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला शहिदनगर न.पा. वडा नं. ०४, बस्ने **धीरज साह** ( ना.प्र.नं. १७१०३७/२७६, जारी मिति २०७०/०३/२५, जिल्ला धनुषा)
२. चौधरी साह तेलीको बुहारी, मोसाफीर साह तेलीको छोरी, सिताराम साह तेलीको श्रीमती ननुपट्टी गा.वि.स/उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला शहिदनगर न.पा. वडा नं. ०४, बस्ने **कुमारी देवी तेलीन** (ना.प्र.नं. ६५०२१६४६ ई प्रशासन का.यदुकुहा, जारी मिति २०४६/०३/१२, जिल्ला धनुषा)

**३. ऋणीहरुको नाम र ठेगाना**

१. पंचि साहु सुडीको बुहारी, सहदेव साहु को छोरी, राम वृक्ष साहुको श्रीमती, बटेश्वर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ०५, बस्ने **सुकमरिया देवी** ( ना.प्र.नं. १०२३१३८३, जारी मिति २०४४/१२/१०, जिल्ला धनुषा)
२. पंचि साहु सुडीको नाती, रामवृक्ष साहुको छोरा, बटेश्वर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं.०५, बस्ने **दिलिप कुमार साह** ( ना.प्र.नं. १०२३४२६२, जारी मिति २०६३/०७/२०, जिल्ला धनुषा)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. झल्लु साहुको नाती, पंचि साहु सुडीको छोरा, सुकमरिया देवीकी श्रीमान बटेशवर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ०५, बस्ने **रामवृक्ष साहु** ( ना.प्र.नं. १०२३१३८२, जारी मिति २०३४/०७/२३, प्रथम प्रतिलिपी मिति २०६१/०४/२१, जिल्ला धनुषा)
२. पंचि साहु सुडीको नाती, रामवृक्ष साहुको छोरा, बटेश्वर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ०५, बस्ने **प्रदिप कुमार साह** ( ना.प्र.नं. १०२३४२६४, जारी मिति २०६३/०७/२१, जिल्ला धनुषा)
३. पंचि साहु सुडीको नाती, रामवृक्ष साहुको छोरा, बटेश्वर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ०५, बस्ने **दीप नारायण साह** ( ना.प्र.नं. १०२३४१४२, जारी मिति २०६२/०७/०१, जिल्ला धनुषा)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

बम्जन पक्राउ प्रकरण

# बेपत्ता पारेको मुद्दामा बम्जनसँग ३ लाख धरौटी माग

**टुडे समाचारदाता**



रौतहट । आफूलाई तपस्वी बताउने रामबहादुर बम्जनलाई व्यक्ति बेपत्ता पारेको कसुरमा अदालतले तीन लाख रुपैयाँ धरौटी माग गरेको छ।

सिन्धुपाल्चोक जिल्ला अदालतले अभियूक्त बम्जनले व्यक्ति बेपत्ता पारेको भन्दै दायर भएको मुद्दामा सोमबार सुनुवाइ गर्दै तीन लाख रुपैयाँ धरौटी माग गर्ने आदेश दिएको जिल्ला सरकारी वकिल कार्यालय सिन्धुपाल्चोककी प्रमुख उर्मिला दाहालले जनाइन्।

वीरबहादुर रुम्बाले आफ्नी छोरी फूलमाया रुम्बालाई बेपत्ता पारेको भन्दै प्रहरीमा जाहेरी दिएका थिए । सो जाहेरीमा प्रहरीले अनुसन्धान सकेपछि सरकारी वकिल कार्यालयले साउन १३ गते मुद्दा दायर गरेको थियो।

न्यायाधीश भगवती शर्मा ढुंगानाको इजलासले अभियुक्त बम्जनसँग ३ लाख धरौटी माग गर्ने आदेश दिए पनि उनले तत्कालै धरौटी भने बुझाउनु पर्ने छैन।

यसअघि अर्को मुद्दामा पनि थुनामा रहेकाले बम्जन नछुट्ने भएपछि तत्कालै उनले धरौटी जम्मा गर्न नपर्ने प्रमुख दाहालले बताइन्।

बम्जनलाई सर्लाही जिल्ला अदालतले असार १७ गते बाल यौन दुरुपयोगको मुद्दामा १० वर्ष कैद र ५ लाख रुपैयाँ क्षतिपूर्ति भराउने फैसला गरेको थियो।

अदालतको फैसलापछि कैद भुक्तान गरिरहेका उनलाई अर्को मुद्दा अगाडि बढाउन सिन्धुपाल्चोक लगिएको थियो । अदालतको आदेशपछि उनलाई सिन्धुपाल्चोक कारागार लगिएको छ । अभियुक्त बम्जन गत पुस २४ गते काठमाण्डुको बूढानीलकण्ठस्थित निवासबाट पक्राउ परेका थिए । सर्लाही अदालतको फैसलापछि उनलाई महोत्तरी कारागारमा राखिएको थियो।

बाराको एउटा एकान्त वनमा ठूलो पीपलको बोट मुनि ध्यान गरिरहेका बम्जन सन् २००५ मा एकाएक चर्चाको चुलीमा पुगेका थिए।

त्यतिबेला १६ वर्षीय बम्जनले जंगलमा ध्यान गर्न सुरु गरेका थिए। तर पछि उनको नाम विभिन्न विवादमा मुछिन थालेको थियो।

# तरकारीको विषादी परीक्षण गर्न प्रयोगशाला स्थापना

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा कृषि उपज बजार विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला इकाइ स्थापना गरिएको छ।

जिल्लाको ढल्केवरमा हरियो तरकारी र फलफूलमा विषादीको मात्रा जाँच गर्न प्रयोगशालाको स्थापना गरिएको छ।

नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभागअन्तर्गत केन्द्रीय कृषि प्रयोगशालाले इकाइको स्थापना गरेको कृषि उपज बजार व्यवस्थापन समितिका अध्यक्ष बुधेश्वर महतोले बताए। उनले आउँदो सोमबारबाट परीक्षण सुरु गरिने बताउँदै मापदण्डभन्दा बढी विषादी प्रयोग गरिएको पाइएमा तरकारी तथा फलफूल नियन्त्रणमा लिएर नस्ट गर्ने बताए।

अध्यक्ष महतोले परीक्षण सुरु गर्नुअघि किसान भेला गरेर कति खेतबारीमा कति मात्रामा विषादी छर्कन र विषादी छर्केको कति दिनपछि तरकारी तथा फलफूल टिप्न मिल्छ भन्नेबारे जानकारी मुलक कार्यक्रम गरिने बताए।

आइतबार, बुधबार र शुक्रबार गरी हप्ताको तीन दिन लाग्ने यस बजारमा काठमाण्डु, पोखरा, सिन्धुली, जनकपुरधामलगायत ठूल्ठूला सहरका व्यापारी ढल्केवरमा तरकारी तथा फलफूल खरिद गर्न आउने गरेका छन् भने मिथिला नगरपालिका,क्षीरेश्वरनाथ नगरपालिका, धनुषाधाम नगरपालिकार र बटेश्वर गाउँपालिकाका किसानले उत्पादन गरेको तरकारी तथा फलफूल बिक्रीका लागि ल्याउने गरेका छन्।

# मुख्यमन्त्री सिंहद्वारा बाघ मित्र मधेश अभियानको घोषणा

विश्व बाघ दिवसको अवसरमा पर्सा वन्यजन्तु आरक्ष कार्यालयमा आयोजित मानव बाघ सहअस्तित्व र समृद्धि विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले बाघ मित्र मधेश अभियानको घोषणा गरेका छन् ।



**टुडे समाचारदाता**

वीरगञ्ज। मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बाघ-मित्र मधेश-अभियानको घोषणा गरेका छन्।

विश्व बाघ दिवसको अवसरमा पर्सा वन्यजन्तु आरक्ष कार्यालयमा आयोजित मानव बाघ सहअस्तित्व र समृद्धि विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले बाघ मित्र मधेश अभियानको घोषणा गरेका छन्।

उनले अभियान सञ्चालन गर्न परियोजना प्रस्ताव गरी पेस गर्न निकुन्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाको संयोजकत्वमा डिभिजन वन कार्यालय पर्सा र बाराका प्रमुखहरूसमेत रहेको ३ सदस्यीय कार्यदल गठन गरिएको बताए।

मुख्यमन्त्री सिंहले मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा पर्सा राष्ट्रिय निकुन्ज र कोशी टप्पु वन्यजन्तु आरक्षलाई लक्षित गरी काम सुरु गर्ने बताए। उनले आफ्नो कार्यकाल अवधिको भए पनि पर्यटन क्षेत्रको विकासका लागि सक्दो कार्य गर्ने प्रतिबद्धता समेत बताए। चितवन राष्ट्रिय निकुञ्ज र ठोरीसँग जोडिएको पर्सा राष्ट्रिय निकुञ्जमा पर्यटन विकासको प्रचुर सम्भावना आफूले देखेको बताउँदै मुख्यमन्त्री सिंहले यो निकुन्जमा सक्दो बढी पर्यटक भित्र्याउन सरोकारवालाले पनि आफ्नोस्तरबाट प्रयास गर्नु पर्ने बताए। पर्सा निकुन्जको प्रवर्द्धनका लागि मधेश प्रदेश सरकारले फास्ट ट्र्याकमा काम गर्ने र यसका लागि आवश्यक ऐन कानुनहरू पनि बनाउने उनले प्रतिबद्धता व्यक्त गरे।

तत्कालै मधेश सरकारले लगानी सम्मेलन गर्न लागेको र उक्त सम्मेलनमा आन्तरिक तथा बाह्य लगानीकर्तालाई निम्त्याएर पर्सा निकुञ्जमा पर्यटन क्षेत्रमा लगानी गर्न आफूले उत्प्रेरित गर्ने पनि उनले बताए।

जीतपुरसिमरा उमनपाका मेयर राजन पौडेलले चितवन, ठोरी र भारतको वाल्मिकी टाइगर रिजर्भको संगमस्थल रहेको पर्सा राष्ट्रिय निकुन्जको मधेश प्रदेश सरकारले लाभ लिन सक्ने प्रचुर सम्भावना रहेको बताए।

पर्सा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बाघको संख्या वृद्धिका लागि गरिएको प्रयासले निकुन्जमा बाघको संख्या बढेको बताए।

## बारा पर्सा औद्योगिक कोरिडोरमा स्थानीयलाई रोजगारी दिनुपर्छः मुख्यमन्त्री सिंह

**टुडे समाचारदाता**

वीरगञ्ज। बारा पर्सा औद्योगिक कोरिडोरमा स्थानीय नागरिकलाई रोजगारी प्रदान गर्नुपर्नेमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहले जोड दिएका छन्।

औद्योगिक कोरिडोरमा अधिकांश भारतीय मूलका नागरिक कार्यरत रहेको बताउँदै उनले बिस्तारै स्थानीय नागरिकलाई दक्ष बनाएर रोजगारी दिलाउनुपर्ने आवश्यकता औंल्याए।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ३१ स्थित हुलास स्टिल उद्योगमा आयोजित नेपालको सबैभन्दा ठूलो ग्याल्भनाइजिङ इकाइको उद्धाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले प्रदेश सरकारले यसमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरे।

मुख्यमन्त्री सिंहले भने, "यहाँ बारा पर्सा औद्योगिक कोरिडोरमा धेरैजसो बाहिरका नागरिक कार्यरत छन्। अब बिस्तारै यहाँकै नागरिकलाई दक्ष बनाएर यहीँ रोजगारी दिन आवश्यक छ। त्यसका लागि प्रदेश सरकारले आवश्यक सहयोग र समन्वय गर्न तयार छ।" उनले स्थानीय नागरिकलाई आवश्यक सीप र तालिमको पाठ्यक्रम तयार गरेर काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए।

मुख्यमन्त्री सिंहले औद्योगिक क्षेत्रलाई आवश्यक जनशक्ति तयार पार्न प्रदेश सरकारको लगानी र सहयोग कुनै कमी नहुने आश्वासन दिए। यसले गर्दा स्थानीय नागरिकले रोजगारी पाउँदा वैदेशिक रोजगारीमा जाने र बेरोजगारीको संख्या कम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

उद्धाटन समारोहमा मुख्यमन्त्री सिंहले स्थानीय नागरिकलाई दक्ष बनाउन र उनीहरूलाई रोजगारी दिन प्रदेश सरकारले सहयोग गर्ने बताए। उनले भने, "यहाँका उद्योगहरूमा आवश्यक पर्ने सीप र तालिमको पाठ्यक्रम तयार गरेर स्थानीय नागरिकलाई सिकाएर काम गर्ने वातावरण बनाउन आवश्यक छ।"

यसरी, मुख्यमन्त्री सिंहको भनाईले स्थानीय नागरिकलाई दक्ष बनाउने र रोजगारी दिलाउने महत्त्वपूर्ण कदमको संकेत गरेको छ, जसले बारा पर्सा औद्योगिक कोरिडोरमा आर्थिक विकास र समृद्धि ल्याउने आशा छ।

# औद्योगिक क्षेत्रमा रोजगारीका अवसर गुम्दै : मन्त्री भण्डारी

**टुडे समाचारदाता**



वीरगञ्ज । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले औद्योगिक क्षेत्रको विकासबिना मुलुकमा समृद्धिको आकांक्षा पूरा गर्न नसकिने बताएका छन्।

वीरगञ्ज महानगरपालिका-३१ स्थित हुलास स्टिलको युनिट-२ शुभारम्भ गर्दै मन्त्री भण्डारीले कोभिड-१९ को महामारीपछि औद्योगिक क्षेत्र नराम्रोसँग थलिएकाले उठाउन गाह्रो भइरहेको बताए। "हाम्रा उद्योगका उत्पादन घट्दै गइरहेको छ। औद्योगिक क्षेत्रमा रोजगारीका अवसर गुम्दै गएका छन् । उद्योगधन्दा एकपछि अर्को समस्यामा परिरहेका छन् । क्रमशः बैङ्क ब्याजदरको चपेटामा उद्योग पर्‍यो," उनले भने, "वर्तमान सरकार बनिसकेपछि पहिलो मन्त्रिपरिषद्को बैठक र त्यसपछि सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा व्यक्त गर्नुभएको विचारले स्वदेशी उद्योग तथा औद्योगिक क्षेत्रलाई प्रवर्द्धन गर्ने विचार हामीले सुनिसकेका छौं।"

उद्योगमन्त्री भण्डारीले मुलुकका उद्योगधन्दा खस्किदाँ समस्यामा परेको धारणा राख्नुभयो। "आज देशको उद्योग यस्तो अवस्थामा पुग्यो कि हामी उत्पादकका रुपमा नभई उपभोक्ताका रुपमा रह्यौं", उनले भने, "नेपालको व्यापार घाटा यति चुलियो कि हामी उपभोग्य वस्तु मात्रै आयात गर्ने ठाउँमा पुगेका छौं।" उद्योगमन्त्री भण्डारीले पछिल्लो समय घाटा चुलिएको बताउँदै नेपालको आयात र निर्यात तथ्याङ्कले नेपालको उद्योग क्षेत्रको स्पष्ट तस्बिर देखाएको बताए। "करिब १६ खर्बको आयात र दुई खर्बको निर्यातले हाम्रो उद्योगको तस्बिर देखिन्छ," उनले भने, "सरकारले अत्यावश्यकबाहेक अन्य वस्तु स्वदेशमा उत्पादन र उपभोग गर्ने परिपाटीको विकास गर्न जरुरी छ।"

मन्त्री भण्डारीले गत आर्थिक वर्षमा करिब एक खर्बको फलफूल र तरकारी आयात भएको तथ्याङ्क प्रस्तुत गर्दै मधेश प्रदेशमा तरकारी र फलफूल उत्पादन गरेर विदेशी मुलुकबाट हुने आयात रोक्न सकिने उल्लेख गरे।

# बतहा खोलाले धार परिवर्तन गर्दा बस्ती नै जोखिममा

**टुडे समाचारदाता**



लहान । धनुषा-सिरहास्थित कमला नदीमा मिसिने सिरहो बतहा खोलाले धार परिवर्तन गर्दा बस्तीसमेत जोखिममा परेको छ। गत असारमा परेको अविरल वर्षापछि आएको बाढीसँगै खोलाले धार परिवर्तन गरेको गर्दा मानवीय जीवनसमेत जोखिममा परेको छ।

सो खोला कल्याणपुर नगरपालिका-४ र वडा नम्बर ८ को बीचमा धार परिवर्तन गरी पूर्व-दक्षिणतिर सरेको छ । विगतदेखि नै क्रमशः त्यतातिर सर्दै आएको यो खोला यसपालि भने पौने चारसय मिटरसम्म करिब १० बिघा जग्गा कटान गरी सरेको जनाइएको छ।

सो खोलाले अझै पनि कटान र धार परिवर्तन गर्दै जाँदा कल्याणपुर नगरपालिकाका- ४, वडा नम्बर ५, वडा नम्बर ६, वडा नम्बर ७ र वडा नम्बर ८ गरी पाँच वटा वडा प्रत्यक्ष रुपमा प्रभावित भएको देखिन्छ । सो वडाका करिब पाँच सय बिघा खेतीयोग्य जग्गा कटानको जोखिममा छ भने मझाउ, डरौल, निर्दना, चिक्ना, भेरिया, भरही, भेरियालगायत दर्जनबढी आसपासका गाउँ डुबानको जोखिममा रहेको छ।

स्थानीय विहारी यादवले खोलाले गर्दा आसपासका गाउँमा पहिल्यैदेखि त्रास छ, अब त खोला बस्तीमा नै पसेको र जग्गासमेत कटान हुन थालेको बताए। जसका कारणले गाउँवस्तीको उठी बास भएको उनको भनाइ छ।

कल्याणपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयप्रसाद दासले दीर्घकालीन समाधानका लागि खोलालाई पहिलाकै बाटोमा फर्काउन आवश्यक रहेको र यसका लागि पहल भइरहेको बताएका छन्।

मेयर रामपुकार साहले खोलाको अवस्था देखेर चिन्ता गर्नुपर्ने बेला आएको भन्दै प्रदेश सरकार र संघ सरकारसँग सहयोगका लागि आग्रह गरेका छन्।

# जलेश्वरनाथ मन्दिरमा भक्तजनको घुइँचो

**टुडे समाचारदाता**



जलेश्वर । जलेश्वर नगरपालिका-२ मा अवस्थित जलेश्वरनाथ महादेव मन्दिरमा साउनभरि साक्षात महादेव विराजमान रहने गरेको विश्वासका आधारमा भक्तजनहरुको निकै घुइँचो लाग्ने गरेको छ । सोमबारी पर्वका अवसर पारेर बाबा जलेश्वरनाथ मन्दिरलाई दुलही झैं सिङ्गारिएको छ । मन्दिरभरि तथा मन्दिर परिसरमा भव्य झिलीमिली बत्ती, फूलमालाले सजाइएको छ । मन्दिरको पाँच सय मिटर टाढासम्म शिवभक्तिका गीत-सङ्गीतले जलेश्वर गुञ्जायमान बनेको छ।

जलेश्वरनाथको महिमा नेपालमा मात्र नभई भारतमा समेत रहेको छ । बर्सेनि बाबा जलेश्वरनाथको दर्शनका लागि हजारौं दर्शनार्थी आउने गर्दछन् । यस वर्ष पनि बाबा जलेश्वरनाथ महालिङ्गको दर्शन आठदेखि १० लाख भक्तजन आउने अनुमान गरिएको छ। महाशिवरात्रि र प्रत्येक महिनाको पहिलो सोमबारको दिन विशेष मेला लाग्ने गर्दछ। ठूलो धार्मिक महत्व बोकेको यस मन्दिरको स्थापना कहिले भएको भन्नेबारेमा भने कुनै ठोस प्रमाण भेटिएको छैन। मन्दिरको मूल गुफामा लेखिएको छ, 'जलेश्वरो महालिङ्ग रुद्रेन स्थापित स्वयम' अर्थात् जलेश्वरनाथ महालिङ्ग स्वयं महादेवले स्थापना गरेका हुन्।

बाबा जगदीशनाथले कसरी बनाउने, जङ्गलमा बाघ, भालु, हात्तीजस्ता खतरनाक जनावरहरु रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयं रुद्र (महादेव) ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिदिनुभएको शिवपुराणमा उल्लेख छ । जलेश्वरनाथ महादेवको ठीक अगाडि रहेको बरुण सरोवरमा स्नान मात्र र बाबा जलेश्वरनाथ महादेवको दर्शन मात्रले प्राणी मात्रले मुक्ति पाउने गर्दछ। त्यसबेला यस महादेव मन्दिरमा पूजाआजा द्वेन्द्व गिरी नामका पूजारीले लामो समयसम्म बाबा जलेश्वरनाथको सेवा गरेका थिए।

अनादिकालमा जलेश्वर घनाजङ्गल रहेको बेला बाबा जगदीशनाथ, चतुर्भुजनाथ र तसमैया बाबा आएर जलेश्वरमा बसेको बेला स्वयं महादेवले बाबा जगदीशनाथलाई सपनामा आएर जलेश्वरमा महादेवको मन्दिर निर्माण गर्न आदेश दिएको किंवदन्ती रहेको जलेश्वरनाथ महादेवका मूल पुजारी उपेन्द्र पाठकले बताए । उनका अनुसार रुद्रले स्वयं गुफासहितको मन्दिर निर्माण गरिदिएपछि बाबा जगदीशनाथले नित्य पूजाआजाका साथै यस मन्दिर र महादेवका बारेमा प्रचारप्रसार गरे।

बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा साक्षात् शिवको बास रहेको र चोखो मन वचनले भाकल गर्नेको मनोकामना अवश्य नै पूरा हुने गरेको जनविश्वास रहिआएको पुजारी पाठक बताउछन् । बाबा महादेवको चौतर्फी चर्चा परिचर्चा गरेर प्रख्यात बनाउन भूमिका खेलेका जगदीशनाथ जीवनको अन्तिमकालमा बाबाको मन्दिरको ठीक सामुनेमा समाधि लिएका थिए।

मन्दिरका अर्का पुजारी कामेश्वर पाठकका अनुसार बाबा जगदीशनाथले कसरी बनाउने, जङ्गलमा बाघ, भालु, हात्तीजस्ता खतरनाक जनावरहरु रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयं रुद्र (महादेव) ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिदिनुभएको शिवमहापुराणमा उल्लेख छ।

जलेश्वरनाथ महादेवको मूल गुफा जमिनको सतहदेखि १६ सिँढी (भऱ्याङ) मुनि जमिनभित्र रहेको छ जहाँ २४ घण्टा जल भरिएको हुन्छ र बाबा जलेश्वरनाथ महादेव वर्षको तीन सय ६५ दिन जलमै विराजमान रहनुहुन्छ। मन्दिरभित्र करिब २० फिटमुनि जलमा बास बसेका महादेवको दर्शन गर्न मन्दिरभित्रको जल बाहिर फ्याँकेपछि मात्रै सम्भव हुने गर्दछ।

मन्दिरको पानी फ्यालेर शिवलिङ्गको दर्शन गराउने चलन रहेकामा यसभित्रका पानी मोटर वा दमकल लगाएर फ्याँकिदा पनि सक्दैनन् । यसका लागि धेरैले धेरैपटक प्रयास गरिसके पनि सकेका छैनन् तर मानव शक्तिले बाल्टिनको सहयोगमा पानी फालेमा मन्दिरको गुफा सुक्ने र भक्तजनले दर्शन गर्ने गर्ने गरेको पुजारी पाठकको भनाइ छ । एकछिनमै पुनः पानी भरिने हुँदा पटकपटक पानी फ्याँकेर भक्तजनको दर्शन गराउने गरिएको उनी बताउछन्।

कुनैबेला अथाह चलअचल सम्पत्ति रहेको यस मन्दिर अहिले सञ्चालन हुन नै समस्यामा रहेको छ । १८६७ सालमा राजा गिर्वाणयुद्धविक्रम शाहले महोत्तरीको तत्कालीन कञ्चनपुर गाउँस्थित जङ्गल (हाल रामगोपालपुर नगरपालिका-७) मा सिकार खेल्न गएको बेला जलेश्वरनाथ महादेव मन्दिरलाई सञ्चालन, व्यवस्थापन र पूजाआजाका लागि दुई सय ७५ बिगाहा जग्गा र चारवटा महापोखरी मौजाका रुपमा दान दिएको ताम्रपत्रमा उल्लेख छ।

मौजेका रुपमा मन्दिरले जलेश्वर मौजे, बजराही मौजे, बहेरा मौजे, डाम्ही महेशपुर मौजेलगायत मौजेहरु पाएका थिए भने बरुण सरोवर, पुरन्दर सरोवर, मखान पोखरी र महन्थ पोखरीजस्ता महापोखरीहरु पनि पाएको थियो। लामो समयसम्म बाबा जलेश्वरनाथसँग रहेको दर्जनौं मौजे र महापोखरीहरुबाट आएका आम्दानीबाट मन्दिरको दैनिक पूजाआजा, भगवान् शिवको भोग, साधुसन्तको भण्डारा र आगन्तुकहरुको स्वागत सत्कार समेत हुने गरेको थियो।

# जरिवाना वापतको राजस्व घट्यो

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी साधनबाट एक वर्षमा दुई करोड ७६ लाख ६१ हजार नौ सय ५४ रकम राजस्व सङ्कलन गरेको छ।

कार्यालयले आव २०८०/८१ मा २७ हजार तीन सय ७२ सवारी साधनलाई कारबाही गरेर सो राजस्व सङ्कन गरेको हो। आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा पर्सामा सवारी चालकले ट्राफिक नियम उल्लघन गरेर सङ्कलन हुने जरिवाना वापतको राजस्व एकै वर्षमा ६६ लाखले घटेको छ । पर्सामा अनलाइन प्रणालीमा आधारित 'ट्राफिक भ्वाइलेन्स रेकर्ड सिस्टम' लागुगरेर न्यूनतम मात्रै जरिवाना गर्ने नियमका कारणले जरिवाना वापतको राजस्व घटेको कार्यालयले जनाएको छ। यसअघि ट्राफिक नियम उल्लङ्घन गर्दा अधिकतम जरिवानाबाट सुरु गर्ने गरिन्थ्यो।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख भास्कर खतिवडाले पर्सा ट्राफिकले गत वर्षदेखि अनलाइन प्रणालीमा आधारित 'ट्राफिक भ्वाइलेन्स रेकर्ड सिस्टम' लागु गरेकाले पनि राजस्वमा प्रत्यक्ष असर देखिएको बताए ।"विगतका वर्षमा फिल्डमा खटिने ट्राफिक प्रहरीले म्यानुअल ढङ्गबाट अधिकतम जरिवाना लगाउने गर्थे, जसको कारणले पनि जरिवाना वापतको राजस्व सङ्कलन धेरै हुने गर्थ्यो", उनले भने, "अहिलेको ट्राफिक भ्वाइलेन्स रेकर्ड सिस्टमले न्यूनतम खालको ट्राफिक जरिवानाबाट सुरुवात गर्नुपर्ने भएकाले पनि जरिवाना राजस्व रकम केही घटेको देखिन्छ।"

कार्यालयले आव २०७९/८० मा ३५ हजार पाँच सय ३४ ट्राफिक नियम उल्लङ्घन गर्ने चालकलाई कारबाही गरेर तीन करोड ४२ लाख ६५ हजार जरिवाना सङ्कलन गरेको थियो। कार्यालयले आव २०८०/८१ मा १० हजार सात सय ५२ ट्रकका चालकलाई कारबाही गरेर एक करोड ५४ लाख ५१ हजार ५१ रकम जरिवाना सङ्कलन गरेको छ।

त्यस्तै सोही आवमा दुई हजार एक सय ६७ जीप, कार र भ्यानका चालकलाई कारवाही गरेर रु २० लाख २१ हजार सात सय ५२ जरिवाना वापतको राजस्व सङ्कलन गरेको छ । गत आवमा १२ हजार सात सय ७४ मोटरसाइकलका चालकलाई कारबाही गरेर ८८ लाख ७८ हजार पाँच सय ५१ जरिवाना राजस्व सङ्कलन गरेको छ । त्यस्तै सोही आवमा दुई सय ३८ बसका चालकलाई कारबाही गरेर रु दुई लाख ३८ हजार जरिवाना सङ्कलन गरेको छ । यहाँ २१ जना ट्राफिक प्रहरीको दरबन्दी भए पनि काजमा ५८ जना खटिरहेका छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८